# वन तथा वातावरण मन्त्रालय अन्तर्गतका निकायहरूको प्रोफाइल

तथा

# सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन असल अभ्यास पुस्तिका

आ.व. २०८२/०८३



लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

## वन निर्देशनालय

बुटवल, रुपन्देही




| District | Forest (ha.th.) | Forest (%) | Other Land (ha. th.) | Other Land (%) |
|---|---|---|---|---|
| Arghakhanchi | 73.96 | 59.69 | 49.95 | 40.31 |
| Banke | 117.91 | 62.70 | 70.14 | 37.30 |
| Bardiya | 113.69 | 56.82 | 86.38 | 43.18 |
| Dang | 200.72 | 65.60 | 105.26 | 34.40 |
| Gulmi | 46.34 | 41.83 | 64.44 | 58.17 |
| Kapilbastu | 60.97 | 36.92 | 104.17 | 63.08 |
| Nawalparasi | 22.00 | 81.30 | 50.60 | 18.70 |
| Palpa | 82.77 | 56.62 | 63.42 | 43.38 |
| Pyuthan | 64.67 | 48.95 | 67.43 | 51.05 |
| Rolpa | 99.60 | 52.82 | 88.95 | 47.18 |
| Rukum | 66.25 | 39.39 | 101.94 | 60.61 |
| Rupandehi | 25.51 | 19.54 | 105.01 | 80.46 |
| Total | 974.38 | 50.43 | 957.68 | 49.57 |

| District | Sub-Metropolitan city | Urban Municipality | Rural Municipality | Development Area | Grand Total |
|---|---|---|---|---|---|
| ARGHAKHANCHI | | 3 | 3 | | 6 |
| BANKE | 1 | 1 | 6 | | 8 |
| BARDIYA | | 7 | 2 | | 9 |
| DANG | 2 | 1 | 7 | | 10 |
| GULMI | | 2 | 10 | | 12 |
| KAPILBASTU | | 6 | 4 | | 10 |
| NAWALPARASI | | 3 | 4 | | 7 |
| PALPA | | 2 | 8 | | 10 |
| PYUTHAN | | [illegible] | [illegible] | | 9 |
| ROLPA | | 1 | [illegible] | | 10 |
| RUKUM | | | [illegible] | | [illegible] |
| RUPANDEHI | 1 | 5 | 10 | 1 | 17 |
| Grand Total | 4 | [illegible] | [illegible] | 1 | [illegible] |

Source : Forest Cover Map of Nepal, Department of Forest Research and Survey, 2014

# वन तथा वातावरण मन्त्रालय अन्तर्गतका निकायहरूको प्रोफाइल

*तथा*

# सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन असल अभ्यास पुस्तिका

आ.व. २०८२/०८३




लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

## वन निर्देशनालय

बुटवल, रुपन्देही

फोन नं. ०७१-५७२९६८

E-mail: forestdirectorate5@gmail.com Website: https://pfdir.lumbini.gov.np

**प्रकाशक**

## वन निर्देशनालय
लुम्बिनी प्रदेश, बुटवल, रुपन्देही
फोन नं. ०७१-५७२९६८
E-mail: forestdirectorate5@gmail.com
Website: https://pfdir.lumbini.gov.np

**सल्लाहकार**

महानिर्देशकः ईश्वरी प्रसाद पौडेल

**सम्पादक**

वरिष्ठ वन अधिकृतः डिलाराम पौडेल
वरिष्ठ वन अधिकृतः जितेन्द्र सिंह खड्का
वरिष्ठ वन अधिकृतः सन्दिप बासुकला

**तयार गर्ने**

वरिष्ठ भू-संरक्षण अधिकृतः सरोज पोखरेल

आ.व. २०८२/०८३

# दुई शब्द



नेपाल जैविक विविधताको दृष्टिकोणले विश्वको अग्र स्थानमा पर्दछ । प्राकृतिक स्रोतहरु जस्तै जल, जंगल, जमिन, जनावर आदि नेपालका गहनाहरु हुन्। सो को संरक्षण, सदुपयोग तथा व्यवस्थापनको लागी नेपालले महत्वपूर्ण भुमिका खेल्दै आईरहेको छ । नेपालको संविधानले नेपाललाई सात प्रदेशमा विभाजन गरे अनुरुप मिति २०७४/१०/०३ मा पूर्वमा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला र पश्चीममा वर्दिया जिल्ला समेटिने गरी १२ जिल्ला सहितको लुम्बिनी प्रदेशको स्थापना भयो । प्रदेश सरकार संचालनको निमित्त मन्त्रालयहरु स्थापना भए जसमा वन क्षेत्र हेर्ने गरी वन तथा वातावरण मन्त्रालय एक महत्त्वपूर्ण मन्त्रालय रह्यो। सोही मन्त्रालय मातहत रहने गरी मिति २०७५/०४/१४ मा वन र भू तथा जलाधार व्यवस्थापन कार्यालयसंग समन्वयकारी भुमिका निर्वाह गर्नको लागी वन निर्देशनालयको स्थापना भयो । वन निर्देशनालय रुपन्देहीको बुटवलमा अवस्थित छ ।

वन निर्देशनालयको कार्यालय तथा कर्मचारीहरुको व्यवस्थापन, मातहतमा पर्ने १४ डिभिजन वन कार्यालयहरु र २ भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुसंगको समन्वयकारी भूमिका, संघीय तथा प्रदेश सरकारबाट प्राप्त कार्यक्रमहरु मध्ये संघीय सशर्त कार्यक्रम तर्फको समृद्धिका लागि वन कार्यक्रम कार्यान्वयन मुख्य रुपमा वन निर्देशनालयबाट प्रदेश कार्यान्वयन ईकाइको रुपमा संचालन भएको थियो । उक्त कार्यक्रमका अधिकांश कार्यहरु वन निर्देशनालयले आ.व.२०८२।०८३ मा सफलताका साथ सम्पन्न गर्यो । सो कार्यक्रमको **"सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन अभ्यास सम्बन्धी प्रकाशन, अनुसन्धान, असल अभ्यास दस्तावेजीकरण तथा अन्य प्रकाशन"** शिर्षकबाट वन तथा वातावरण मन्त्रालय मातहतका निकायहरुको प्रोफाईल र सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनको असल अभ्यास यस पुस्तकमा समावेश गरिएको छ ।

लुम्बिनी प्रदेश प्राकृतिक स्रोतहरुमा अरु प्रदेशको तुलनामा अब्बल रहेको छ । यस प्रदेशमा रहेको वन तथा जल स्रोतलाई प्रदेश समृद्धिको मुख्य स्रोत बनाउन सकिन्छ । ५७.०२ प्रतिशत वन क्षेत्र रहेको यस प्रदेशमा तराईका अधिकाँश वन क्षेत्र उत्पादनमुलक रहेको छ । उत्पादनशिल वन क्षेत्रको वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनको माध्ययमबाट वनको दिगो संरक्षणका साथसाथै प्रदेशको आयको स्रोतमा समेत सहयोग पुग्ने देखिन्छ । साथै प्रदेशमा रहेका मुख्य जलाधारक्षेत्रको पहिचान, संरक्षण तथा व्यवस्थापनबाट जलस्रोतको पर्याप्तता अभिवृद्धि गरी भू-संरक्षणमा टेवा पुग्ने देखिन्छ ।

यस पुस्तिकामा वन तथा वातावरण मन्त्रालयका साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र यस निर्देशनालय मातहत रहेका विभिन्न १४ डिभिजन वन कार्यालय तथा ४ भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुको चिनारी तथा दिगो वन व्यवस्थापनमा भएका केही सफलताका कथाहरु समेटिएको छ । पर्याप्त विवरणहरु नभईसकेको अवस्थामा सकेसम्म त्रुटी रहित बनाउने कोशिस गरिएको छ तथापी भए गरेका त्रुटिहरुको लागी सल्लाह सुझावको अपेक्षा गरिएको छ । साथै यस पुस्तकलाई मुर्त रुप प्रदान गर्न सहयोग गर्नुहुने बरिष्ठ भू-संरक्षण अधिकृत सरोज पोखरेल र तथ्यांकहरु संकलनमा सहयोग गर्ने यस वन निर्देशनालयका सम्पूर्ण कर्मचारीहरु साथै वन तथा वातावरण मन्त्रालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सम्पूर्ण डिभिजन वन कार्यालयहरु र भू तथा जलाधार व्यवस्थापन कार्यालय प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**२०८३, असार**

..............................

**ईश्वरी प्रसाद पौडेल**

महानिर्देशक

# विषय-सूची


परिच्छेद १ लुम्बिनी प्रदेश र प्राकृतिक स्रोत साधन एक संक्षिप्त परिचय १
१.१. पृष्ठभूमि १
१.२ लुम्बिनी प्रदेशको समग्र वन स्रोतको अवस्था २
१.३ वन व्यवस्थापन पद्दति अनुरूप वनको व्यवस्थापन ४
१.४ संरक्षित क्षेत्र तथा मुख्य वन्यजन्तुहरु ६
१.५ जलाधार तथा सिमसार क्षेत्र ७
परिच्छेद २ वन तथा वातावरण मन्त्रालयको संक्षिप्त परिचय १०
परिच्छेद ३ वन निर्देशनालयको संक्षिप्त परिचय ११
परिच्छेद ४ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र १६
परिच्छेद ५ डिभिजन वन कार्यालयहरु २०
५.१ डिभिजन वन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) २०
५.२ डिभिजन वन कार्यालय, रुपन्देही २३
५.३ डिभिजन वन कार्यालय, कपिलवस्तु (कपिलवस्तु) २६
५.४ डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमवुद्ध) २९
५.५ डिभिजन वन कार्यालय, दाङ (देउखुरी) ३२
५.६ डिभिजन वन कार्यालय, दाङ (दाङ) ३५
५.७ डिभिजन वन कार्यालय, बाँके ३८
५.८ डिभिजन वन कार्यालय बर्दिया ४१
५.९ डिभिजन वन कार्यालय, रुकुम (पूर्वी भाग) ४४
५.१० डिभिजन वन कार्यालय, रोल्पा ४७
५.११ डिभिजन वन कार्यालय, प्यूठान ५०
५.१२ डिभिजन वन कार्यालय, अर्घाखाँची ५३
५.१३ डिभिजन वन कार्यालय, गुल्मी ५६
५.१४ डिभिजन वन कार्यालय, पाल्पा ५९
परिच्छेद ६ भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु ६२
६.१ भू तथा जलाधार व्यवस्थापन कार्यालय, पाल्पा ६२
६.२ भू तथा जलाधार व्यवस्थापन कार्यालय, अर्घाखाँची ६६
६.३ भू तथा जलाधार व्यवस्थापन कार्यालय, दाङ ७१
६.४ भू तथा जलाधार व्यवस्थापन कार्यालय, रोल्पा ७५
परिच्छेद ७ लुम्बिनी प्रदेशमा संचालित वन सम्बर्द्धन प्रणालीको सफलताका कथाहरु ७९
७.१ खोटेसल्लाको वनमा सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन, रोल्पा जिल्लाको अनुभव ७९
७.२ वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनको सरकारद्धारा व्यवस्थित चक्ला वन मार्फत सफल अभ्यासः शम्शेरगञ्ज माथेबास सरकारद्धारा व्यवस्थित-चक्ला वनको सफलताको कथा ८२
७.३ वन पेशाकर्मी ! एक श्रमिकलाई वन पेशाले दिएको खुसी ! ८५
अनुसुची १ : वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश मातहत रहेका कार्यालय, प्रमुख, सूचना अधिकारीको विवरण ८७

# परिच्छेद १
# लुम्बिनी प्रदेश र प्राकृतिक स्रोत साधन एक संक्षिप्त परिचय

## १.१. पृष्ठभूमि




लुम्बिनी प्रदेशमा संविधानको अनुसूची-४ बमोजिम नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रूकुम (पूर्वी भाग), रोल्पा, प्यूठान, दाङ, बाँके, बर्दिया गरी बाह्र जिल्लाहरू रहेका छन्। कूल १२ जिल्ला समावेश भएको लुम्बिनी प्रदेश अन्तर्गत तराईमा ६, पहाडमा ५ र हिमालमा १ गरी १२ जिल्ला रहेका छन्। प्रशासनिक एकाईका रूपमा १०९ स्थानीय तह रहेको यस प्रदेशमा ४ उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका र ९८३ वडा रहेका छन्। उत्तरमा पुथा हिमालदेखि दक्षिणमा मर्चवारसम्म, पूर्वमा त्रिवेणी सुस्तादेखि पश्चिममा राजापुरसम्म जम्मा १९,१९,४१७ हेक्टर (NLCMS, 2024) भू-भागमा फैलिएर रहेको छ। यस प्रदेशले नेपालको कूल क्षेत्रफलको १३.०१ प्रतिशत क्षेत्र ओगटेको छ। वि.सं. २०७८ मा प्रकाशित राष्ट्रिय जनगणनाको प्रतिवेदन अनुसार यस प्रदेशको कूल जनसंख्या ५१,२२,०७८ जनसंख्या रहेको देखिन्छ। जस मध्ये पुरुषको संख्या २४,५४,४०८ (४७.९२ प्रतिशत) र महिला २६,६७,६७० (५२.०८ प्रतिशत) रहेको छ। यस प्रदेशको जनघनत्व २३० प्रति वर्ग कि.मी. रहेको र लैंगिक अनुपात ९२.०१ रहेको छ। यस प्रदेशको आफ्नै मौलिक विशेषता हुनुका साथै शान्तिका अग्रदूत गौतमबुद्धको जन्मस्थल लुम्बिनी, तिलौराकोट तथा थुप्रै बुद्धकालीन ऐतिहासिक र सांस्कृतिक महत्वका सम्पदाहरू यसै प्रदेशमा पर्दछन्। एसियाकै ठूलो दाङ उपत्यका यो प्रदेशमा पर्दछ। संविधानको अनुसूची-४ मा उल्लेख गरिएका सात वटा प्रदेश मध्येको यो प्रदेशको नाम लुम्बिनी प्रदेश हो। मिति २०७७/०६/२० को प्रदेश सभाको निर्णयबाट यस प्रदेशको राजधानी राप्ती उपत्यका(देउखुरी) दाङ र नामाकरण लुम्बिनी प्रदेश कायम भएको छ ।

भौगोलिक हिसावले समग्र नेपालमा जस्तै यस प्रदेशमा पनि तराई, चुरे, मध्य पहाड, उच्च पहाड तथा हिमाली भाग रहेको छ । यस प्रदेशको भौगोलिक हिसावमा सबैभन्दा धेरै क्षेत्रफल मध्य पहाड (३२.९%) क्रमशः चुरे (२७.९%), तराई (२७.६%), उच्च पहाड (९.१%) र सबैभन्दा कम उच्च हिमाल (३.१%) रहेको छ । भू उपयोगको आधारमा यस प्रदेशको कूल भू भागको ५७.०२% क्षेत्र वन तथा अन्य काष्ठ क्षेत्रले ओगटेको छ। कृषि क्षेत्रले २९% र बाकीं क्षेत्र आवास क्षेत्र रहेको छ । *(FRTC, 2024), (प्रदेश योजना आयोग लुम्बिनी प्रदेश, २०७६)*

## १.२ लुम्बिनी प्रदेशको समग्र वन स्रोतको अवस्था

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले सन् २०२४ मा प्रकाशन गरेको पछिल्लो प्रतिवेदन अनुसार सन् २०२२ मा लुम्बिनी प्रदेशमा १०,४९,४०८ हे. वन क्षेत्र तथा अन्य काष्ठ क्षेत्र (Other wooded land) ४५,०६९ हे. गरी कूल जम्मा १०,९४,४७७ हेक्टर रहेको देखिन्छ (FRTC, 2024) । यो देशको कूल वन क्षेत्रको करिब १६.१% हो (FRTC, 2024) । यस प्रदेशमा बर्दिया राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्षको केही भागको अलावा बाँके र बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र र चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र (केहि भाग नवलपरासी ब.सु.प.मा पर्ने) गरी कूल २,७९,४५८ हे. क्षेत्र संरक्षित क्षेत्रले ओगटेको छ । जसमध्ये संरक्षित क्षेत्रमा १,८५,१०२ हे. वन क्षेत्र रहेको पाइन्छ । क्षेत्रफलको आधारमा यस प्रदेशमा सबैभन्दा बढी वन क्षेत्र दाङ जिल्लामा रहेको छ भने सबैभन्दा कम नवलपरासी जिल्लामा रहेको छ । यस प्रदेशका १८ वटा स्थानीय तहमा १००० हे. भन्दा कम वन क्षेत्र रहेको छ भने ९ वटा स्थानीय तहमा वन क्षेत्र शुन्य रहेको छ (DFRS, 2018) ।

### क. भौगोलिक क्षेत्र अनुसार वनको विवरण

लुम्बिनी प्रदेश भौगोलिक हिसावले तराई, चुरे, मध्य पहाड, उच्च पहाड तथा उच्च हिमाल क्षेत्रमा विभाजन भएको छ। वन अनुसन्धान तथा सर्वेक्षण विभाग (हालको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र) ले सन् २०१५ मा प्रकाशित प्रतिवेदन अनुसार यस प्रदेशको चुरेमा सबैभन्दा धेरै वन क्षेत्र (४२४,२०० हेक्टर) र सबैभन्दा कम वन क्षेत्र उच्च हिमालमा (६,४७० हेक्टर) रहेको छ । लुम्बिनी प्रदेशमा भौगोलिक क्षेत्र अनुसार वन क्षेत्रको विवरण माथि चित्रमा देखाइएको छ ।



लुम्बिनी प्रदेशमा भौगोलिक क्षेत्र अनुसार वन क्षेत्रको अवस्था

### ख. प्रजातिगत रूपमा वन क्षेत्र

लुम्बिनी प्रदेशको वन क्षेत्रलाई प्रजातिको आधारमा विश्लेषण गर्दा यस प्रदेशको कूल वन क्षेत्रमध्ये सबैभन्दा बढी तराई मिश्रित चौडापाते वन *(Terai Mixed Hardwood Forest)* ४३.०५ प्रतिशत रहेको पाइन्छ भने अन्य प्रजातिका वन क्रमशः साल वन *(Shorea robusta Forest)* २३.२७ प्रतिशत, तल्लो मिश्रित चौडापाते वन *(Lower Mixed Hardwood Forest)* ११.७९ प्रतिशत, खोटेसल्लाको वन *(Pinus roxburghii Forest)* ८.६९ प्रतिशत, माथिल्लो मिश्रित चौडापाते वन *(Uppper Mixed Hardwood Forest)* ५.१२ प्रतिशत, बाँझ वन *(Quercus Forest)* ४.६५ प्रतिशत, खयर शिसौ वन *(Khair-Sissoo Forest)* २ प्रतिशत, गोब्रेसल्लाको

वन *(Pinus wallichiana Forest)* ०.५१ प्रतिशत, ठिंगुरे सल्लाको वन *(Abies Spectabilis and Abies pindrow Forest)* ०.३७ प्रतिशत, स्प्रुस वन *(Picea smithiana Forest)* ०.३५ प्रतिशत, देवदार वन *(Cedrus deodara Forest)* ०.१५ प्रतिशत र भोजपत्रको वन *(Betual utilis Forest)* क्षेत्र ०.०५ प्रतिशत रहेको पाइन्छ । लुम्बिनी प्रदेशको प्रजातिगत रूपमा वन क्षेत्रको वितरण चित्रमा देखाइएको छ ।




लुम्बिनी प्रदेशमा प्रजातिगत रूपमा वितरण भएको वन क्षेत्र

**ग. भिरालोपनको आधारमा वन क्षेत्र**

वन अनुसन्धान तथा सर्वेक्षण विभागले सन् २०१५ मा प्रकाशन गरेको प्रतिवेदन अनुसार यस प्रदेशको संरक्षित क्षेत्र बाहिरको वन क्षेत्रको तथ्यांक विश्लेषण गर्दा साल वन क्षेत्रको करिब ४०.६६ प्रतिशत वन क्षेत्र ८.५ डिग्री भन्दा कम भिरालो भएको क्षेत्रमा रहेको पाइन्छ भने १९ डिग्री भन्दा कम भिरालो क्षेत्रमा ६५.११ प्रतिशत र ३१ डिग्री भन्दा कम भिरालो क्षेत्रमा ८७.५ प्रतिशत साल प्रजातिको वन क्षेत्र रहेको पाइन्छ । त्यसैगरी, तराई मिश्रित चौडापाते वनको २५.९४ प्रतिशत क्षेत्र ८.५ डिग्रीसम्मको भिरालो क्षेत्रमा रहेको छ भने, ५६.०९ प्रतिशत क्षेत्र १९ डिग्रीसम्मको भिरालो क्षेत्रमा र ८५.३२ प्रतिशत वन क्षेत्र ३१ डिग्री भन्दा कम भिरालो क्षेत्रमा रहेको पाइन्छ । तल्लो मिश्रित चौडापाते वन क्षेत्रको १८ प्रतिशत वन क्षेत्र १९ डिग्रीसम्मको भिरालो क्षेत्रमा पर्दछ भने, ५५.१९ प्रतिशत वन क्षेत्र ३१ डिग्रीसम्मको भिरालो क्षेत्रमा रहेको पाइन्छ । यसरी मुख्य चार प्रजाति (तराई मिश्रित चौडापाते वन, साल वन, तल्लो मिश्रित चौडापाते वन र माथिल्लो मिश्रित चौडापाते वन) को मात्र वन क्षेत्रलाई हेर्नेहो भने करिब २३.९६ प्रतिशत वन क्षेत्र ८.५ डिग्रीसम्मको भिरालो क्षेत्रमा, ४८.५४ प्रतिशत वन क्षेत्र १९ डिग्रीसम्मको भिरालो क्षेत्रमा र ७७.८ प्रतिशत वन क्षेत्र ३१ डिग्रीसम्मको भिरालो क्षेत्रमा रहेको पाइन्छ । यस सम्बन्धि विस्तृत विवरण चित्रमा देखाइएको छ ।




भिरालोपनको आधारमा मुख्य प्रजातिको वितरण देखाइएको नक्सा

## १.३ वन व्यवस्थापन पद्दति अनुरूप वनको व्यवस्थापन

वन ऐन २०७६ अनुसार वनक्षेत्र भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसेमैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ति वा ऐलानी जग्गाले ओगटेको क्षेत्र बुझिन्छ। यस प्रदेशमा वनलाई व्यवस्थापनको आधारमा निम्नानुसार वर्गीकरण गरिएको छ ।

### १.३.१ राष्ट्रिय वन

**क. सरकारद्वारा व्यवस्थित वन**

सरकारद्वारा व्यवस्थित वन भन्नाले वन विकास लगायत अन्य क्रियाकलाप गर्नको लागि स्वीकृत कार्ययोजना अनुसार सरकारले व्यवस्थापन गरिएको राष्ट्रिय वनलाई जनाउँछ । सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन सम्बन्धित डिभिजन वन कार्यालयले गर्ने गर्दछ ।

यस प्रदेशमा हाल सातवटा चक्ला वन सरकारद्वारा व्यवस्थित वनको रूपमा छुट्टै कार्ययोजना तयार गरी कार्यान्वयनमा रहेका छन् । दाङ जिल्लामा अवस्थित डिभिजन वन कार्यालय दाङ (दाङ) अन्तर्गत कालापानी खोला चक्ला वनको रूपमा ५४५.६३ हेक्टर वन क्षेत्र व्यवस्थापन गरिएको छ भने बाँके जिल्लामा शमशेरगंज माथेवास चक्ला वनको रूपमा २५७८ हेक्टर, भुवरभवानी चक्ला वन २७३९.८५ हे. तथा खर्चे ताल चक्ला वन २०८७.७४ हे., अर्घाखाँची जिल्लामा कुचुवादमार चक्ला वन २०८.३४ हे. तथा तिनकुने चक्ला वन ४८७.६७ हे. र डिभिजन वन कार्यालय दाङ (देउखुरी) मा बेला चक्ला वन १६००.५७ हे. क्षेत्रफलको कूल१०२४७.८० हे. राष्ट्रिय वन सरकारद्वारा व्यवस्थित चक्ला वनको रूपमा व्यवस्थापन गरिएको छ । यस बाहेक पनि डिभिजन वन कार्यालयहरू दाङ (देउखुरी) तथा कपिलवस्तु (गौतमबुद्ध) अन्तर्गतको सरकारद्वारा व्यवस्थित राष्ट्रिय वन क्षेत्रलाई चक्ला वनको रूपमा व्यवस्थापन गर्ने गरी वन व्यवस्थापन कार्ययोजना तयारीको कार्य अगाडी बढेको पाइन्छ ।

**ख. वन संरक्षण क्षेत्र**

राष्ट्रिय वनको कुनै भाग वा भू-परिधि क्षेत्र जुन, राष्ट्रिय वा अन्तर्राष्ट्रिय दृष्टिकोणले वातावरणीय, पारिस्थितिकीय, बैज्ञानिक वा सांस्कृतिक महत्वको वन क्षेत्र, वा जलाधार संरक्षणको हिसाबले संवेदनशील वन क्षेत्र, वा संरक्षित क्षेत्र बाहिर रहेको वन, वनस्पति, वन्यजन्तु संरक्षणको लागि व्यवस्थापन गर्न आवश्यक रहेको, वा पर्यापर्यटन विकास गर्न उपयुक्त देखिएको वन क्षेत्र नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले प्रदेश मन्त्रालयको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष कार्ययोजना बनाई वन संरक्षण क्षेत्रको रुपमा घोषणा गर्न सक्ने व्यवस्था रहेको छ । यस प्रदेशमा हालसम्म बर्दिया जिल्लाको खाता, गुल्मी जिल्लाको मदाने, रेसुङ्गा र थाप्ले सत्यवती सालिमेदह गरी ४ वटा वन संरक्षण क्षेत्र (साविकको संरक्षित वन) घोषणा भइसकेका छन् भने प्युठानको गौमुखी, रोल्पाको जलजला र कपिलवस्तुको शिवगढी सुरइनाका गरी ३ वटा प्रस्तावित वन संरक्षण

क्षेत्र (संरक्षित वन) का रूपमा रहेका छन् ।

| क्र.सं. | वन संरक्षण क्षेत्र | जिल्ला | घोषणा मिति | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | मदाने | गुल्मी | २०६७/११/१६ | १३७६१.०० |
| २ | खाता | बर्दिया | २०६८/११/१५ | ५७४१.८९ |
| ३ | रेसुङ्गा | गुल्मी | २०७४/११/२८ | १९२८१.३७ |
| ४ | थाप्ले सत्यवती सालिमेदह | गुल्मी | २०७४/११/२८ | ३७८४३.०६ |
| जम्मा | | | | ७६६२७.३२ |

*(स्रोतः सम्बन्धित मितिका नेपाल राजपत्र)*

## ग. साझेदारी वन

सरकारद्वारा व्यवस्थित वनको कुनै भाग वनको विकास र दिगो व्यवस्थापन गरी अर्थतन्त्रमा टेवा पुर्याउन, वन क्षेत्रको नजिकै वा टाढा रहेका परम्परागत उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी गराई त्यस्ता उपभोक्तालाई वन पैदावारको आपूर्ति व्यवस्था गर्न, वन क्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्न तथा खाली क्षेत्रको उपयोग गर्न, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्न र उपभोक्ताको जिविकोपार्जनमा सुधार ल्याउने उद्देश्य राखी डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा गरिने वन व्यवस्थापन नै साझेदारी वन व्यवस्थापन हो । लुम्विनी प्रदेशमा कपिलवस्तुको तिलौराकोट तथा गौतमबुद्ध (स्थापना आ.व. ०६७/०६८), कपिलवस्तु (स्थापना आ.व.०६८/०६९), मायादेवी (स्थापना आ.व.०७०/०७१) र शिवराज (स्थापना आ.व.०७३/०७४) गरी पाँच वटा, रुपन्देहीमा लुम्बिनी(स्थापना आ.व.०६७/०६८) र देवदह (स्थापना आ.व.०७३/०७४) गरी दुई वटा र नवलपरासीमा बुद्धशान्ति (स्थापना आ.व.०७१/०७२) गरी जम्मा आठ वटा साझेदारी वन रहेका छन्। लुम्बिनी प्रदेशका डिभिजन वन कार्यालय अनुसार साझेदारी वनको विवरण तालिकामा देखाइएको छ ।

| क्र.सं. | विवरण | डिभिजन वन कार्यालय | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | नवलपरासी | रुपन्देही | कपिलवस्तु | गौतमबुद्ध | |
| १ | साझेदारी वनको संख्या | १ | २ | २ | ३ | ८ |
| २ | साझेदारी वनहरुको क्षेत्रफल (हे.) | १२०४.१ | २०९४.३४ | ८४४७.८४ | १०११६.७२ | २१८६३ |
| ३ | साझेदारी वनहरुमा आबद्ध घरधुरी | १०५२५ | ६१११२ | ४१००० | ३६९८४ | १४९६२१ |
| ४ | साझेदारी वनहरुमा आबद्ध जनसंख्या | ५८२३६ | २९३४२७ | २७८५४७ | २५८०७४ | ९१८८९२ |

*(स्रोतः सम्बन्धित डिभिजन वन कार्यालय, २०८३)*

### घ. सामुदायिक वन

वन ऐन, २०७६ का अनुसार सामूहिक हितका लागि कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गरी वन पैदावारको उपयोग गर्न चाहने त्यस्तो वनका सम्बन्धित उपभोक्ताले उपभोक्ता समूह गठन गरी वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गरी वन पैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी बिक्रि वितरण गर्न पाउने गरी राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रूपमा कार्ययोजना तयार गरी व्यवस्थापन गर्न सक्ने व्यवस्था रहेको छ ।

यस प्रदेशमा २०८३ असार मसान्तसम्म डिभिजन वन कार्यालयहरूबाट प्राप्त तथ्यांक अनुसार ४०२६ वन उपभोक्ता समूहलाई ४,५४,६८५.१३ हेक्टर राष्ट्रिय वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको छ । सामुदायिक वन उपभोक्ता समूहमा ६,७५,९५१ घरधुरी समावेश भएका छन् ।

### ङ. कवुलियती वन

डिभिजन वन कार्यालयले राष्ट्रिय वनको कुनै भाग गरिवीको रेखामुनि रहेका जनताको गरिवी न्यूनीकरणको लागि कार्ययोजना वनाई वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम सञ्चालन गर्न त्यस्ता जनताको समूहलाई कवुलियती वनको रूपमा सुम्पन सक्ने प्रावधान अनुरुप यस प्रदेशमा गरिवीको रेखामुनि रहेका ४८० समूहका ४,९४४ घरधुरीहरुलाई २,७७०.२८ हेक्टर वन क्षेत्र हस्तान्तरण भैसकेको छ।

### च. धार्मिक वन

परापुर्व काल देखीको धार्मिकस्थल र त्यसको वरिपरीको वनको संरक्षणको लागि प्रचलित कानुन बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायलाई उक्त क्षेत्र वरपरको राष्ट्रिय वन धार्मिक वनको रूपमा संरक्षणको लागि हस्तान्तरण गर्न सक्ने वन ऐन, २०७६ मा रहेको व्यवस्था अनुरूप हालसम्म यस प्रदेशमा ९५२.८१ हेक्टर वन क्षेत्र ३३ वटा धार्मिक निकाय/समूह/समुदायलाई हस्तान्तरण गरिएको छ।

### ३.२.२ निजी वन

कुनै व्यक्ति वा संस्थाले आफ्नो निजी स्वामित्वमा रहेको हक भोगको दर्ता नम्बरी जग्गामा रूख विरूवा हुर्काई सम्बन्धित डिभिजन वन कार्यालय वा सव-डिभिजन वन कार्यालयको सिफारिसमा निजी वन दर्ता गर्न स्थानीय तहमा निवेदन दिन सक्ने प्रावधान रहेको छ । साविकमा डिभिजन वन कार्यालयमा निजी वन दर्ता गर्ने प्रावधान रहेकोमा हाल वन ऐन, २०७६ पश्चात् स्थानीय तहमा दर्ता गर्ने व्यवस्था रहेको छ । हालसम्म यस प्रदेशमा ९५९ वटा निजी वनहरु दर्ता भएका छन् जसको क्षेत्रफल ७९०.६२ हेक्टर रहेको छ।

## १.४ संरक्षित क्षेत्र तथा मुख्य वन्यजन्तुहरु

लुम्बिनी प्रदेश संरक्षित क्षेत्रहरुमा पनि धनी प्रदेशमा पर्दछ। बाघ र हात्तीको लागी प्रसिद्ध बर्दिया र बाँके राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु कृष्णसारको संरक्षणको लागी छुट्याईएको कृष्णसार संरक्षण क्षेत्र तथा एक मात्र शिकार आरक्ष ढोरपाटन शिकार आरक्षको केही भाग पनि यसै प्रदेशमा पर्दछ। यसका साथै चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्रमा पर्ने थोरै वन क्षेत्र (करिब ११०० हे.) समेत यस प्रदेशको नवलपरासी (ब.सु.प) जिल्लामा पर्दछ ।

यस प्रदेशमा पाइने संरक्षित वन्यजन्तुतर्फ घस्रने (रेप्टायल्स) वन्यजन्तुतर्फ अजिंगर, घडियाल गोही, सुन गोहोरो, पंक्षीहरूमा कालो तथा सेतो स्टर्क, सारस, चीर, डाँफे, मुनाल, खर मुजुर, ठुलो धनेश तथा स्तनधारी जन्तु (म्यामल्स) आसामी रातो बाँदर, सालक, सोंस, हाब्रे, हुँडार, चरीबाघ, ध्वाँसे चितुवा, बाघ, गैंडा, जंगली हात्ती, बाहृसिंगे, नाउर, चिरू, कृष्णसार, चौका आदि रहेका छन् ।

नेपाल पंक्षी संरक्षण संघ, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भू-संरक्षण विभागबाट सन् २०२४ मा प्रकाशित नेपालका महत्वपूर्ण पंक्षी तथा जैविक विविधता क्षेत्र सम्बन्धी प्रकाशनमा नेपालका ४२ वटा महत्वपूर्ण पंक्षी क्षेत्र (Important Bird Areas) मध्ये १० वटा क्षेत्र अर्घाखाँचीको अर्घा क्षेत्र, बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज, ढोरपाटन शिकार आरक्ष, जगदिशपुर बर्ड स्यान्चुरी तथा लुम्बिनी क्षेत्रका कृषि क्षेत्र, कपिलवस्तु क्षेत्र, मदाने वन संरक्षण क्षेत्र, रेसुंगा वन संरक्षण क्षेत्र, पाल्पाको रामपुर उपत्यका, दाङको देउखुरीको चुरे वन क्षेत्र र पश्चिम राप्ती सिमसार क्षेत्र यस प्रदेशमा रहेका छन् ।

## १.५ जलाधार तथा सिमसार क्षेत्र

### १.५.१ जलाधार क्षेत्र

वन तथा भू-संरक्षण विभागले डिसेम्वर, २०२५ मा प्रकाशन गरेको Watershed Atlas of Nepal Classification Standardization मा नेपालमा कूल १२९० Hydrological Units रहेका छन् जसमध्ये ११ वेसिन (Basin), २८ सव-वेसिन (Sub-Basin), ७१ Watersheds र ११८० Sub-Watersheds हरु रहेका छन्। लुम्बिनी प्रदेशमा गण्डकी, तिनाउ, राप्ती पश्चिम, बबई र कर्णाली (केही अंश) गरी पाँच वटा वेसिन तथा काली गण्डकी, शारदा खोला, भेरी नदी, झिम्रुक खोला, माडी खोला गरी पाँच वटा सव-वेसिन रहेका छन्। जस अन्तरगत पर्ने विभिन्न जलाधार तथा उपजलाधार क्षेत्रहरु तालिकामा देखाइएको छ ।

| सि.नं. | वेसिन | सव वेसिन | जलाधार क्षेत्र | उप-जलाधार क्षेत्रको नाम | जिल्ला |
|---|---|---|---|---|---|
| १ | गण्डकी र तिनाउ वेसिन | काली गण्डकी सव वेसिन | वडीगाड खोला, रिडी खोला, झरही नदी, भलुही नदी, दानव नदी, कोठी नदी, बांणगंगा नदी | छल्दी खोला, सिस्ने खोला, मथुरा खोला, निस्दी खोला, ईगुरिया खोला , कन्चन खोला, सियारी, झुम्सा खोला, दोभान खोला, हुलाङ्दी खोला आदि | गुल्मी, पाल्पा, अर्घाखाँची, नवलपरासी, रुपन्देही, कपिलबस्तु |
| २ | राप्ती पश्चिम, बबई र कर्णाली (केही अंश) | शारदा खोला, भेरी नदी, झिम्रुक खोला, माडी खोला सव वेसिन | सानी भेरी नदी, मन खोला, लुङग्री खोला | राङसिङ खोला, दरभान खोला, अर्जुन खोला, झिझरी खोला,डुडुवा खोला, कोचे खोला, गावर खोला, अग्रांङ खोला, लुहाम खोला, मास खोला, जुम् खोला, कोरावाङ खोला, सिस्ने खोला, देउता खोला, दुमै खोला आदि | दाङ, बाँके, बर्दिया, अर्घाखाँची, प्युठान, रोल्पा, रुकुम (पूर्वी भाग) |

### १.५.२ महत्वपूर्ण सिमसार क्षेत्रहरू

सिमसार क्षेत्रले नेपालको कूल भू-भागको ५% क्षेत्रफल ओगटेको छ । साधारणतयाः सिमसार भन्नाले नदी, ताल, जलाशय एवं वन जंगल तथा आवादी क्षेत्रमा पानीले भिजेको वा पानी भएको स्थान भन्ने बुझिन्छ । जहाँ जमीन लुक्दैन, जहाँ पानी सुक्दैन र रसिलो जमीन भएको क्षेत्रलाई सिमसार भनिएको हो । नेपालमा साधारणतया सिमसार भन्नाले धान खेतको धाप, पानी जमेको ठाउँ वा दह भन्ने बुझिन्छ । सिमसार क्षेत्र भन्नाले भूमिगत जलस्रोतबाट वा वर्षातका कारण पानीको परिणाम रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (Swamp), दलदले जमिन (Marsh), नदीबाट प्रभावित जमिन (riverine floodplain), ताल (lake), पोखरी (Pond), जलभण्डार क्षेत्र (Water Storage area) समेतलाई सम्झनुपर्छ र सो शव्दले साविकमा सिमसार वरिपरिको सुक्खा जमिनलाई समेत जनाउँछ ।

#### क) जगदिशपुर वर्ड सेन्चुरी

जगदिशपुर जलाशय कपिलवस्तु जिल्लाको वाणगंगा नदीको लक्ष्मणघाटमा बाँध निर्माण गरी सिंचाईको लागि उपयोग गर्न बनाईएको जलाशय हो । यो नेपालको मानव निर्मित जैविक विविधतायुक्त तालहरू मध्ये सबैभन्दा ठुलो जलाशय हो । यो जलाशय कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका वडा नं. ९ र १० मा अवस्थित छ । जगदिशपुर जलाशय सन् २००३ अगष्ट १३ मा रामसार सूचीमा सूचिकृत भए पश्चात यसको महत्व स्थानीय, राष्ट्रिय हुँदै अन्तराष्ट्रिय स्तरमा पुगेको छ । खासगरी बसाई सराई गरी आउने फिरन्ते, आगन्तुक चराहरू (Migratory birds) को मुख्य आश्रय स्थल भएका कारण यसको महत्व दिन प्रतिदिन बढ्दै गैरहेको छ । बसाई सराई गरी आउने पाहुना चरा, विभिन्न प्रजातिका माछा, उभयचर र यस आसपासमा पाइने वन्यजन्तु र वनस्पति यहाँका मुख्य जैविक विविधता हुन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्व रहेको यस जलाशयलाई लुम्बिनी प्रदेश सरकारले एक प्रमुख पर्यटकिय गन्तव्यको सूचीमा राखेको छ । त्यस्तै लुम्बिनी प्रदेश वन ऐन २०७८ ले प्रदेश सरकारले रैथाने तथा आगन्तुक पंक्षी र संकटापन्न वन्यजन्तुको वासस्थान संरक्षण तथा वन्यजन्तुको आवत जावत गर्ने प्रदेश भित्रको कुनै क्षेत्रलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी बर्ड स्यान्चुरी, वन जैविक मार्ग घोषणा गर्न सकिने व्यवस्था समेत गरेको पाइन्छ। त्यसै अनुरूप लुम्बिनी प्रदेश सरकारको मिति २०७९/३/३१ को निर्णयानुसार जगदिशपुर जलाशयलाई 'जगदिशपुर वर्ड स्यान्चुरी (पंक्षी संरक्षण क्षेत्र)' को कार्ययोजना (२०७९/८० - २०८३/८४) स्वीकृत गरी सो कार्ययोजना कार्यान्वयनमा ल्याउन लुम्बिनी प्रदेश सरकारले प्रदेश राजपत्र भाग ३ मिति २०७९/३/३१ मा सूचना प्रकाशन गरेको पाइन्छ । जगदिशपुर जलाशय नै लुम्बिनी प्रदेशको रामसार सूचीमा सूचिकृत एक मात्र सिमसार क्षेत्र हो ।

#### ख) अन्य सिमसार क्षेत्रहरू

यस बाहेक यस प्रदेशका विभिन्न साना ठुला सिमसार क्षेत्रहरू रहेका छन् । ती मध्ये रूपन्देहीको गैडहवा ताल, गजेडी ताल, पाल्पाको सुकेताल, सत्यवती ताल, प्रभासको कमलपोखरी आदि हुन् । यसैगरी नवलपरासी (व.सु.प.) को नन्दन ताल, दाङको जखेरा ताल, बाह्रकुने ताल, बाँकेको बागेश्वरी तलाउ र रानी तलाउ तथा बर्दियाको तारा ताल, बढैयाताल र सत्खुलवा ताल रहेका छन् । यसैगरी गुल्मीको दिर्बुङ दह र टिमुरे ताल, अर्घाखाँचीको डमरू दह, प्युठानको शिव जमुना पोखरी, रूकुम पूर्वमा कमल दह, आदि रहेका छन् ।

**ग) प्रदेशको वन व्यवस्थापन तथ्यांक**

लुम्बिनी प्रदेश वन व्यवस्थापनको हिसावले धनी रहेको छ । यस प्रदेशमा आ.व.२०८२/०८३ सम्म समूदायद्धारा व्यवस्थापन भएका सामूदायिक, कवुलियती र धार्मिक वनहरु क्रमशः ४०२६, ४८० र ३३ वटा रहेका छन्, त्यस्तै ४ वटा वन संरक्षण क्षेत्र, ८ वटा साझेदारी वन, ७ वटा चक्ला वन र ९५९ वटा निजी वनहरु रहेका छन् । लुम्बिनी प्रदेश अन्तरगत पर्ने राष्ट्रिय वन तथा निजी वनहरुको तथ्याँक निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| सि. नं. | डि.व.का. | राष्ट्रिय वन | | | | | | | | | | | | | | | | | | निजी वन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक वन | | | | | | कवुलियती वन | | धार्मिक वन | | साझेदारी वन | | चक्ला वन | | वन संरक्षण क्षेत्र | | निजी वन | |
| | | सम्बर्द्धन प्रणालीमा आधारित भएका | | सम्बर्द्धन प्रणालीमा आधारित नभएका | | कूल | | | | | | | | | | | | | |
| | | संख्या | क्षेत्रफल (हे.) | संख्या | क्षेत्रफल (हे.) | संख्या | क्षेत्रफल (हे.) | संख्या | क्षेत्रफल (हे.) | संख्या | क्षेत्रफल (हे.) | संख्या | क्षेत्रफल (हे.) | संख्या | क्षेत्रफल (हे.) | संख्या | क्षेत्रफल (हे.) | संख्या | क्षेत्रफल (हे.) |
| १ | नवलवरासी व.सु.प. | ४१.०० | ११२१८.०० | २१.०० | ७१६.७४ | ६२.०० | ११९३४.७४ | ०.०० | ०.०० | १.०० | ९.०० | १.०० | १२०४.१० | ०.०० | ०.०० | ०.०० | ०.०० | ७४.०० | २८.२४ |
| २ | रुपन्देही | ३८.०० | ८५७०.५० | ७३.०० | ९०३४.९२ | १११.०० | १७६०५.४५ | ०.०० | ०.०० | ४.०० | २७.४७ | २.०० | २०९४.३४ | ०.०० | ०.०० | ०.०० | ०.०० | ८५.०० | ९५.७८ |
| ३ | कपिलवस्तु (कपिलवस्तु) | ७१.०० | १२७७१.३२ | ४.०० | २३३.८० | ७५.०० | १३००५.१२ | १.०० | २.९८ | ४.०० | २००.९५ | २.०० | ८४४७.८४ | ०.०० | ०.०० | ०.०० | ०.०० | १८.०० | १३.०९ |
| ४ | कपिलवस्तु (गौतमबुद्ध) | ३२.०० | ९१०८.९५ | २४.०० | १७७१.२२ | ५६.०० | १०८८०.१७ | ०.०० | ०.०० | १.०० | १०.६३ | ३.०० | १०११६.७२ | ०.०० | ०.०० | ०.०० | ०.०० | ८०.०० | १६४.८३ |
| ५ | दाङ (देउखुरी) | ८८.०० | ४०२४९.६० | ६३.०० | २१७७७.२५ | १५१.०० | ६२०२६.८५ | ०.०० | ०.०० | १.०० | ३७.५० | ०.०० | ०.०० | १.०० | १६००.५७ | ०.०० | ०.०० | ४६.०० | २२.८६ |
| ६ | दाङ(दाङ) | ८६.०० | २६८४३.१० | ३०५.०० | ४०४६६.१० | ३९१.०० | ६७३०९.२० | ०.०० | ०.०० | ५.०० | ११५.५२ | ०.०० | ०.०० | १.०० | ५४५.६३ | ०.०० | ०.०० | २४०.०० | ११२.०० |
| ७ | बाँके | ६४.०० | १२७८१.२३ | ५५.०० | १०६२१.६० | ११९.०० | २३४०२.८३ | ०.०० | ०.०० | ५.०० | १००.०६ | ०.०० | ०.०० | ३.०० | ७४०५.५९ | ०.०० | ०.०० | १४६.०० | ९९.२८ |
| ८ | बर्दिया | ११९.०० | १५३८६.१५ | १३३.०० | ५५६४.२६ | २५२.०० | २०९५०.४१ | ०.०० | ०.०० | ४.०० | २१.६३ | ०.०० | ०.०० | ०.०० | ०.०० | १.०० | ५७४१.८९ | १४६.०० | १५३.२२ |
| ९ | रुकुम (पूर्वी भाग) | १.०० | ६६८.०० | १५६.०० | १७६६२.९१ | १५७.०० | १८३३०.९१ | २१.०० | ६५.९५ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०.०० | ४.२८ |
| १० | रोल्पा | ३.०० | ५६६.६६ | ५८५.०० | ५६८१५.६८ | ५८८.०० | ५७३८२.३४ | ५८.०० | १७२.२९ | १.०० | ०.७५ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ७.०० | १३.०३ |
| ११ | प्यूठान | १४.०० | ४४८७.८० | ४४०.०० | ५२१२१.५४ | ४५४.०० | ५६६०९.३४ | १८४.०० | ८०६.७६ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ७.०० | ७.३९ |
| १२ | अर्घाखाँची | ४५.०० | ५०९१.५५ | ४०१.०० | ३०३३२.८४ | ४४६.०० | ३५४२४.३९ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २.०० | ६९६.०१ | ०.०० | ०.०० | ३७.०० | ४२.३३ |
| १३ | गुल्मी | ३७.०० | २८९७.७७ | ४१९.०० | १५४२६.११ | ४५६.०० | १८३२३.८८ | ११.०० | ५३.९० | २.०० | १६६.८७ | ०.०० | ०.०० | ०.०० | ०.०० | ३.०० | ७०८८५.४३ | १४.०० | ७.४९ |
| १४ | पाल्पा | २७७.०० | १९३४७.५९ | ४३१.०० | २२१५१.९१ | ७०८.०० | ४१४९९.५० | २०५.०० | १६६८.४० | ५.०० | २६२.४३ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४९.०० | २६.८० |
| | **जम्मा** | **९१६.००** | **१६९९८८.२५** | **३११०.००** | **२८४६९६.८८** | **४०२६.००** | **४५४६८५.१३** | **४८०.००** | **२७७०.२८** | **३३.००** | **९५२.८१** | **८.००** | **२१८६३.००** | **७.००** | **१०२४७.८०** | **४.००** | **७६६२७.३२** | **९५९.००** | **७९०.६२** |

स्रोतः सम्बन्धित डि.व.का.हरू

# परिच्छेद २

## वन तथा वातावरण मन्त्रालयको संक्षिप्त परिचय




लुम्बिनी प्रदेश सरकारको स्थापना पश्चात् मिति २०७४ फाल्गुन ०३ गते गठन भएका मन्त्रालयहरु मध्ये उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय पनि एक हो। लुम्बिनी प्रदेश प्रदेश सरकार कार्य विभाजन नियमावली अनुसार यस मन्त्रालयलाई वन, वातावरण तथा जैबिक बिबिधता संरक्षण सम्बन्धी कार्य जिम्मेवारी तोकिएको छ। हाल यस वन तथा वातावरण मन्त्रालय मातहत वन निर्देशनालय १ वटा, अनुसन्धान तथा प्रशिक्षण केन्द्र १ वटा, डिभिजन वन कार्यालयहरु १४ वटा, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु ४ वटा (२ स्थायी र २ अस्थायी) र ८६ वटा सब-डिभिजन वन कार्यालयहरु स्थापना पछि सञ्चालनमा रहेका छन् ।

लुम्बिनी प्रदेशमा वन, वन्यजन्तु, जैविक बिबिधता तथा वातावरण क्षेत्रको विकास, विस्तार र समृद्धि गर्ने जिम्मेवारी सहित यस मन्त्रालय स्थापना भई सञ्चालनमा रहेको छ। प्रदेश भित्रको वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन, वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापन सम्बन्धी नियमन र व्यवस्थापन, वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र नियमन गर्ने यस मन्त्रालयको मुख्य जिम्मेवारी रहेको छ ।

वन तथा वातावरण मन्त्रालय लुम्बिनी प्रदेशको राजधानी राप्ती उपत्यका (देउखुरी), दाङमा अवस्थित रहेको छ। मिति २०८३/०१/२१ गते देखि वन तथा वातावरण मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), दाङको आफ्नै नवनिर्मित भवनबाट कार्य सञ्चालन गरेको छ।

वन तथा वातावरण मन्त्रालय, लुम्विनी प्रदेशको संगठनात्मक चार्ट (मातहतका निकायहरुको समेत) तल उल्लेखित रहेको छ।



# परिच्छेद ३
# वन निर्देशनालयको संक्षिप्त परिचय

## ३.१ पृष्ठभूमि




लुम्बिनी प्रदेश सरकारको प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार वन, भू संरक्षण तथा वातावरणसँग सम्बन्धित विषय हेर्ने गरी प्रदेश सरकार अन्तर्गत वन तथा वातावरण मन्त्रालय रहने व्यवस्था रहेको छ । त्यसैगरी वन तथा वातावरण मन्त्रालय अन्तर्गत प्रदेशस्तरको वन निर्देशनालय र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र रहने व्यवस्था छ । वन निर्देशनालय अन्तर्गत १४ डिभिजन वन कार्यालय र ४ भू तथा जलाधार व्यवस्थापन कार्यालय रहेका छन्। प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय र डिभिजन वन कार्यालय एवं भू तथा जलाधार व्यवस्थापन कार्यालयविच समन्वयकारी भूमिका तथा अनुगमन निरिक्षण एवं सुपरिवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने उद्देश्यले वन निर्देशनालयको परिकल्पना गरिएको हो । प्रदेश सरकारको मिति २०७५/०४/१४ को निर्णयानुसार रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका-७, गार्गी पथ, भैरहवामा मिति २०७५/७/१२ देखि वन निर्देशनालयको कार्य संचालन हुँदै आएकोमा वन तथा वातावरण मन्त्रालयको मिति २०८०/०१/०३ को निर्णयानुसार रूपन्देही जिल्लाको बुटवल उपमहानगरपालिका-८ स्थित साविक वन तथा वातावरण मन्त्रालय रहेको भवनवाट हाल निर्देशनालयको कार्यालय सञ्चालन हुँदै आइरहेको छ।

## ३.२ संगठन संरचना

वन निर्देशनालयमा महानिर्देशक मातहत रहने गरी वन तथा वन्यजन्तु संरक्षण शाखा, वन व्यवस्थापन तथा सूचना शाखा, योजना तथा अनुगमन शाखा, जलाधार व्यवस्थापन तथा समन्वय शाखा र कर्मचारी प्रशासन शाखा गरी कूल ५ शाखा रहेका छन्। सोही बमोजिमको वन निर्देशनालयको सांगठनिक संरचना तल प्रस्तुत गरिएको छ।




वन निर्देशनालयको सांगठनिक संरचना

## ३.३ वन निर्देशनालय र प्रदेश वन निर्देशक/महानिर्देशकले सम्पादन गर्नुपर्ने मुख्य मुख्य कार्यहरु

लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयको सांगठनिक संरचना अन्तर्गत रहेको वन निर्देशनालय मन्त्रालयको एउटा महत्वपूर्ण अङ्ग हो। संघ र प्रदेशका वन र वातावरण सम्बन्धी कानूनले यसको भुमिका प्रष्टरुपमा उल्लेख गरेको छ। डिभिजनस्तरका कार्यालयहरु र मन्त्रालय तथा वन विभागबीच समन्वयकारी भूमिकामा वन निर्देशनालय रहेको, मन्त्रालयको नीति निर्माण, योजना, बजेट र कार्यक्रम तर्जुमा तथा वन संरक्षण, व्यवस्थापन, विकास, सदुपयोग र कार्यक्रम कार्यान्वयनको समग्र अनुगमन यसको जिम्मेवारी भित्र पर्दछन्। सङ्घीय तथा लुम्बिनी प्रदेशको वन र वातावरण सम्बन्धी ऐन, नियमावली, वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका समेतमा उल्लेखित व्यवस्थाहरू अनुसार निर्देशनालय र निर्देशकले सम्पादन गर्ने मुख्य मुख्य कार्यहरु देहाय बमोजिम प्रस्तुत गरिएको छः

**१. कार्ययोजना स्वीकृत गर्नेः** डिभिजन वन कार्यालयहरुबाट सिफारिस भई आएका साझेदारी वनको कार्ययोजना (संशोधित कार्ययोजना समेत), संरक्षित वनको कार्ययोजना, जडिबुटी व्यवस्थापन योजना, जिल्ला/वन पैदावार आपूर्तिको वार्षिक कार्ययोजना र मन्त्रालयबाट प्रस्ताव स्वीकृत भएका व्यवसायिक कबुलियती वनको कार्ययोजना निर्देशकले स्वीकृत गर्ने।

**२. साझेदारी वन र व्यवसायिक कबुलियती वन फिर्ता लिनेः** प्रचलित कानून, स्वीकृत कार्ययोजना र कार्यविधि/ निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको बर्खिलाप काम गरी वनस्रोत र वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कार्य गरेमा निर्देशकले त्यस्तो साझेदारी वन फिर्ता लिन र समूह विघटन गर्न सक्ने ।

**३. पुनरावेदन/उजुरी सुन्ने र अन्तिम निर्णय दिनेः** सामुदायिक वन फिर्ता लिई समूह दर्ता खारेज गर्ने, धार्मिक वन फिर्ता लिने, गरीवको लागि प्रदान गरिएको कलियती वन फिर्ता लिने र बेवारिसे तथा दहत्तर बहत्तर काठ, दाउराको हकदावी सम्बन्धी निर्णयमा डिभिजनल वन अधिकृतले गरेको निर्णय चित्त नबुझ्ने सम्बन्धित पक्षले निर्देशकसमक्ष पुनरावेदन दिन सक्ने र निर्देशकले गरेको निर्णय अन्तिम हुने ।

**४. कोड अद्यावधिक गर्नेः** सामुदायिक वन उपभोक्ता समूहको कोड अद्यावधिक गर्ने।

**५. टाँचा र सिल तयार गरी उपलब्ध गराउनेः** डिभिजन वन कार्यालयहरुले प्रयोग गर्ने टाँचा र सिल निर्देशनालयले तयार गरी उपलब्ध गराउनु पर्ने ।

**६. रुख कटान प्रक्रियामा तोकिएका कार्यहरु गर्नेः** रुख कटान तथा संकलनको क्रममा छपान चेकजाँच, कटानको लागि म्याद थप, जंगलमै घाटगद्दी र चिरान गर्नु पर्ने विशेष अवस्था परेमा त्यसको लागि स्वीकृति प्रदान, घाटगद्दी र ग्रेडिङ्ग चेकजाँच र कटान प्लटको अन्तिम जाँच निर्देशक वा निजले तोकेको अधिकृत प्रतिनिधीबाट गर्नु, गराउनु पर्ने। साथै लिलाम विक्री भएका काठ, दाउरा डिभिजनल वन अधिकृतले दिएको र थप गरेको म्यादभित्र समेत उठाउन नसकेमा डिभिजनल वन अधिकृतको सिफारिसमा म्याद थप गर्ने।

**७. वन पैदावारको लिलाम स्वीकृत गर्नेः** डिभिजन वन कार्यालयहरुले वन पैदावार लिलाम बिक्री गरेपछि तोकिएको सकार रकमको लिलाम स्वीकृत निर्देशकले गर्नुपर्ने ।

**८. अमानतबाट काम गर्ने स्वीकृति प्रदान गर्नेः** वार्षिक स्वीकृत कार्यक्रम एवम् रुखकटान, मुछान र संकलन कार्य कारणवश अमानतबाट गर्नुपर्ने अवस्था सृजना भई स्वीकृतिको लागि पेश हुन आएमा प्रचलित कानूनको अधिनमा रही स्वीकृति प्रदान गर्ने।

**९. खडा वा ढलेका रुखै बिक्री गर्नु परेमा** उक्त कार्य गर्नु पूर्व निर्देशकको स्वीकृती लिनु पर्ने ।

**१०. कबुलियती वनको प्रमाणपत्रको प्रतिलिपी उपलब्ध गराउनेः** व्यवसायिक कबुलियती वनको प्रमाणपत्र हराएमा, च्यातिएमा, नष्ट भएमा वा अरु कुनै प्रकारले काम नलाग्ने भई सो को प्रतिलिपि लिन परेमा निर्देशनालयमा निवेदन दिनु पर्ने। निवेदन पर्न आएमा निर्देशकले ५ हजार रुपैयाँ दस्तुर लिई कबुलियती वनको प्रमाणपत्रको प्रतिलिपि दिनु पर्ने ।

**११. व्यवसायिक कबुलियती वनको कार्य शुरु गर्ने म्याद थप गर्नेः** व्यवसायिक कबुलियती वन लिने व्यक्ति वा संस्थाले विशेष कारणले स्वीकृत कार्ययोजना र कबुलियतनामाको अवधिभित्र कार्य शुरु गर्न नसकेको भनी म्याद थपको माग गरेमा र उक्त माग मुनासिब लागेमा निर्देशकले ६ महिनासम्म म्याद थप गर्न सक्ने ।

**१२. कार्ययोजनासहित प्रतिवेदन पेश गर्नुपर्नेः** मानव वन्यजन्तु सहअस्तित्व व्यवस्थापनका लागि विभिन्न भौगलिक क्षेत्रमा गरेका प्रयास र उपलब्धिका साथै विद्यमान समस्या र अवलम्बन गर्नु पर्ने उपाय पहिचान गरी कार्ययोजना सहित प्रत्येक वर्ष निर्देशनालयले विभाग तथा प्रदेश मन्त्रालय समक्ष र विभागले मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१३. आवश्यक समन्वय, सहजीकरण र सहयोग गर्नुपर्नेः** निर्देशकले राष्ट्रिय बनको सुरक्षाको सम्बन्धमा डिभिजन वन कार्यालयबाट भएको क्रियाकलापको नियमित अनुगमन गरी जावश्यक समन्वय, सहजीकरण र सहयोग गर्नुपर्ने ।

**१४. सामुदायिक बनको कार्ययोजना संशोधनको सहमति दिनेः** कार्यीयोजना स्वीकृत भएको २ वर्ष अगावै विशेष कारणवश कार्ययोजना संशोधन गर्न आवश्यक परेको भनी डिभिजन बन कार्यालयको राय र सिफारिससहित पेश हुन आएमा संशोधनको लागि डिभिजन बन कार्यालयलाई सहमति दिने ।

**१५. काठ प्रयोग गर्ने सहमति दिनेः** डिभिजन वन कार्यालयले वन विकास, व्यवस्थापन, डिभिजन/सव-डिभिजनको भवन निर्माण तथा मर्मत आदि कार्यमा डि.व.का. बाट उत्पादित वा मौज्दात काठ प्रयोग गर्न सहमति माग गरेमा लगत अभिलेख व्यवस्थित गरी सदुपयोग गर्न सहमति दिन सक्ने ।

**१६. समितिको सदस्यः** विक्री वितरण हुन नसकी लामो समयसम्म घाटगद्दीमा रहिरहेका र हैसियत/गुणस्तर हास भइरहेका पुराना काठ, दाउरा व्यवस्थापन समितिमा निर्देशक सदस्यलागि आव्हान गरिएको प्रस्ताव मूल्यांकन समितिको सदस्यमा निर्देशक रहने व्यवस्था रहेको।

**१७. सिफारिस र राय दिनेः** निर्देशनालयले देहायका विषयहरुमा मन्त्रालयलाई सिफारिस गर्ने र राय उपलब्ध गराउने गर्दछः

- डिभिजन वन कार्यालयहरुबाट प्राप्त आवधिक योजनासहितको रणनीतिक योजना स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्ने ।
- सरकारद्वारा व्यवस्थित वन (चक्ला वन समेत) को कार्ययोजना स्वीकृतिको लागि मन्त्रालयमा रायसहित पेश गर्ने।
- बन्यजन्तु पालन सम्बन्धी पेश हुन आएको प्रस्तावमा अध्ययन गरी रायसाथ मन्त्रालयमा पठाउने ।
- बन्यजन्तु अस्पताल र उद्धार केन्द्र जैविक मार्ग र बर्ड स्यान्चुरी सम्बन्धी डिभिजन वन कार्यालयले तयार गरी पेश गरेका कार्ययोजनाहरु अध्ययन गरी स्वीकृतिको लागि सिफारिस साथ मन्त्रालयमा पेश गर्ने ।
- हावाहुरी, बाढी, पहिरो, हिमपात, आगजनी, किरा र रोगको सङ्क्रमण जस्ता विपद् जन्य घटनाका कारण क्षति हुन पुगेको वन पैदावर संकलन स्वीकृतको लागि डिभिजन वन कार्यालयबाट आवश्यक प्रमाण र प्रक्रिया पुरा गरी पेश हुन आएमा प्रदेश वन निर्देशकले मन्त्रालयमा सिफारिस गर्ने ।

**१८. अध्ययन अनुसन्धानको अनुमति दिन सक्नेः** कुनै व्यक्ति, संस्था वा निकायले वर्ड स्यान्चुरी तथा जैविक मार्गमा अध्ययन अनुसन्धान गर्नु परेमा निर्देशनालयले तोकिए बमोजिम अनुमति दिन सक्ने ।

**१९. वन्यजन्तु पालनको अनुमति दिन सक्नेः** मन्त्रालयमा पेश भएको प्रस्ताव स्वीकृत भएमा तोकिए बमोजिमको दस्तुर लिई निर्देशनालयले वन्यजन्तु पालनको लागि आवश्यक शर्त तोकी अनुमति दिन सक्ने ।

**२०. वन्यजन्तुमैत्री संरचनाको अनुगमन** निर्देशनालयले आफ्नो कार्यक्षेत्र भित्र निर्माण भएका वन्यजन्तुमैत्री संरचनाको सम्बन्धमा अनुगमन गरी सोको प्रतिवेदन प्रदेशको वन तथा वातावरण सम्बन्धि विषय हेर्ने मन्त्रालयमा पेश गर्ने।

**२१. एकाइ सदस्यः** प्रदेश वन्यजन्तु अपराध नियन्त्रण एकाइ सदस्यमा निर्देशक रहने व्यवस्था रहेको।

**२२. अनुगमन तथा निरीक्षण गर्ने र प्रतिवेदन पेश गर्नेः** मातहतका डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुबाट सञ्चालित विकास निर्माण कार्यहरु, विभिन्न वन व्यवस्थापन पद्धतिका वन कार्ययोजना कार्यान्वयनको अवस्था, वन तथा वन्यजन्तु संरक्षण, रुख छपान/कटान/घाटगद्दी/ग्रेडिङ्ग/ विक्री वितरण, राष्ट्रिय वनक्षेत्र भोगाधिकारमा लिई सञ्चालनमा रहेका विकास आयोजनाहरु, वनक्षेत्रमा सञ्चालित खानीहरु, वन्यजन्तुमैत्री संरचना, वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण आदिको अनुगमन निरीक्षण गरी पृष्ठपोषण दिने, प्रतिवेदन तयार गरी मन्त्रालय र वन विभागमा पेश गर्ने जिम्मेवारी निर्देशनालयलाई तोकिएको ।

**२३. तोकिएका अन्य कार्यहरुः** वन तथा वातावरण मन्त्रालय (संघ र प्रदेश), वन तथा भू-संरक्षण विभाग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग आदि निकायहरुबाट प्राप्त निर्णय र आदेश कार्यान्वयन गर्ने गराउने कार्य समेत निर्देशनालयले गर्ने गर्दछ।

# परिच्छेद ४
# वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र






## ४.१ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र स्थापनाको पृष्ठभूमि

नेपालको संबिधानको धारा ५६ बमोजिम तिन तहको सरकार (संघ, प्रदेश र स्थानिय तह) को संरचना भई अनुसूची-६ बमोजिम प्रदेश माताहतको राष्ट्रिय वनको व्यवस्थापन गर्ने जिम्मेवारी प्रदेश सरकारको भए बमोजिम वन तथा वातावरण मन्त्रालय मातहतका निकायहरु (निर्देशनालय, तालिम केन्द्र, जिल्ला वन कार्यालय) खारेज भई उक्त निकायहरु प्रदेश सरकार माताहत रहने नेपाल सरकारको निर्णयानुसार तत्कालिन प्रदेश नं. ५ मा प्रदेश सरकारको स्थापना संगसंगै वन क्षेत्रको संरक्षण, व्यवस्थापनका लागी प्रदेश सरकारको माताहतमा रहने गरी तत्कालीन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको स्थापना मिति २०७४ फाल्गुन ३ गते भई मन्त्रालयको सांगठनिक संरचना बमोजिम सोही मन्त्रालयको माताहतमा यस वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको स्थापना मिति २०७५/१०/१६ मा भएको कार्यालयको अभिलेखबाट देखिन्छ।

संघीयताको अभ्यास संगै प्रत्येक प्रदेशमा वन सम्वन्धी विषयमा अध्ययन तथा सर्भेक्षणका कार्यहरु गर्न तथा संघीयता पूर्व पाँच विकास क्षेत्रमा रहेका क्षेत्रिय वन तालिम केन्द्रले सन्चालन गर्दै आएका तालिम गोष्ठीका कार्यक्रमहरु प्रदेश स्तरमा सन्चालन गर्ने उद्देश्यका साथ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरुको स्थापना भयो।

## ४.२ अवस्थिति

यस केन्द्रको कार्यालय भवन बुटवल उपमहानगरपालिका वडा नं. १० योगिकुटी रुपन्देहीमा रहेको छ।

## ४.३ कार्यक्षेत्र

यो केन्द्रको कार्यक्षेत्र अन्तर्गत लुम्विनी प्रदेशका १४ वटै डिभिजन वन कार्यालय, ४ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालय (दाङ, पाल्पा, रोल्पा र अर्घाखाँची), २ वटा राष्ट्रिय निकुञ्ज कार्यालय (बर्दिया र बाँके) र १ वटा कृष्णसार संरक्षण क्षेत्र कार्यालय रहेको छ। अर्थात समग्र लुम्बिनी प्रदेश यस केन्द्रको कार्यक्षेत्र भित्र पर्दछ।

## ४.४ दरवन्दी बिवरण

यस केन्द्रको स्विकृत दरबन्दी संख्या १० रहेकोमा ५ वटा स्थायी र २ वटा सेवा करार मार्फत पदपूर्ति भएको देखिन्छ।

दरवन्दी - १०, कार्यरत - ८ जना (१ जना कामकाज गर्ने गरी खटिनु भएको समेत)

### संगठन संरचना




## ४.५ सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरु

- कर्मचारीहरुको क्षमता अभिबृद्दिका लागी तालिम संचालन।
- सतिसाल *(Dalbergia latifolia)*, बिजयसाल *(Pterocarpus marsupium)*, रक्तचन्दन *(Pterocarpus santalinus)*, सितलचिनी *(Moringa olifera)* को बिउ अंकुरण क्षमता परिक्षणका लागि विभिन्न किसिमका उपचार बिधिबाट परिक्षण गरिएको।
- सितलचिनीको बृद्धिदर जाँच गरिएको।
- तालिम आवश्यकता पहिचान।
- स्रोत व्यक्तिहरुको रोष्टर तयारीको कार्य निरन्तर ।

### ४.५.१ तालिम सम्वन्धी विवरण

यस आ.व.को अन्त्यसम्ममा विभिन्न २४ वटा शिर्षक (Topic) मा ४४ वटा Event मा तालिम संचालन गरिएको छ। जसबाट ८९३ जना वन सेवाका कर्मचारी, ८२ जना प्रशासन सेवाका कर्मचारी र १२१ जना उपभोक्ता गरी जम्मा १०९६ जना प्रत्यक्ष लाभान्वीत भएको देखिन्छ।

**तालिमको सारांश विवरण**

| S. N. | Name of Training | Event | Male | Female | No. of Participants | Expenditure |
|---|---|---|---|---|---|---|
| 1 | GIS | 1 | 16 | 1 | 17 | 553380.00 |
| 2 | Scientific Forest Mgmt. | 4 | 73 | 18 | 91 | 3006293.00 |
| 3 | Team Building | 1 | 19 | 1 | 20 | 120000.00 |
| 4 | Wildlife Rescue & Mgmt. | 2 | 43 | 4 | 47 | 1147729.00 |
| 5 | IEE/EIA and Report writing | 1 | 15 | 0 | 15 | 553950.00 |
| 6 | In Service | 8 | 149 | 27 | 176 | 18493799.00 |
| 7 | GIS and Google Earth Engine | 1 | 21 | 1 | 22 | 769856.00 |
| 8 | Hospitality Mgmt. Training | 3 | 56 | 50 | 106 | 1904993.00 |
| 9 | PLMBIS & CGAS Training | 1 | 26 | 2 | 28 | 300210.00 |
| 10 | GESI Training | 1 | 13 | 9 | 22 | 400832.00 |
| 11 | Procedural Law | 1 | 17 | 3 | 20 | 875124.00 |
| 12 | Design & Estimate Training | 1 | 16 | 8 | 24 | 900000.00 |
| 13 | Procurement law orientation | 1 | 21 | 3 | 24 | 300000.00 |
| 14 | Design, Estimate & Autocrats | 1 | 26 | 2 | 28 | 951260.00 |
| 15 | PAMS | 2 | 51 | 1 | 52 | 1089629.00 |
| 16 | GPS Handling and Map Making | 1 | 20 | 4 | 24 | 1002260.00 |
| 17 | AgroForestry TOT | 1 | 14 | 2 | 16 | 720634.00 |
| 18 | Sewa Prabesh | 6 | 165 | 52 | 217 | 8471087.00 |
| 19 | Human- Wildlife Conflict Mgmt. | 1 | 18 | 4 | 22 | 832154.00 |
| 20 | Data Capturing, Analysis & Mapping using GIS & Mobile Application | 1 | 22 | 3 | 25 | 483725.00 |
| 21 | Low Cost Soil Conservation | 1 | 16 | 2 | 18 | 385972.00 |

| S. N. | Name of Training | Event | Male | Female | No. of Participants | Expenditure |
|---|---|---|---|---|---|---|
| 22 | Training on Data Analysis & Mapping for Sustainable Forest Mgmt. Using GIS & Programm modules | 1 | 13 | 4 | 17 | 533462.00 |
| 23 | Harvesting and Logging Training for Field Staffs | 2 | 45 | 5 | 50 | 710701.00 |
| 24 | Skill Development Training For Women | 1 | 1 | 14 | 15 | 692894.00 |
| Total | | 44 | 876 | 220 | 1096 | 45199944.00 |

### ४.५.२ वन अनुसन्धान तर्फ

केन्द्रमा सिमित जनशक्ति, उच्च प्रबिधियुक्त प्रयोगशालाको अभाव, न्यून बजेट लगायतका कारण ठुलो मात्रामा अनुसन्धानको कार्य हुन नसकेता पनि केही अनुसन्धानका कार्यहरु गरिएका छन। जुन यस प्रकार छन्।

- विरुवाको वृद्धिदर, बाँच्ने दर र नर्सरीमा हुने रोग किरा सम्बन्धी अनुसन्धानमुलक कार्य सञ्चालनका लागि अनुसन्धान विधि (Research Protocol) तयार गरी कार्य संचालन गर्ने गरिएको।
- सतिसाल *(Dalbergia latifolia)*, बिजयसाल *(Pterocarpus marsupium)*, रक्तचन्दन *(Pterocarpus santalinus)*, सितलचिनी *(Moringa olifera)* को बिउ अंकुरण क्षमता परिक्षणका लागि विभिन्न किसिमका उपचार बिधिबाट परिक्षण गरिएको।
- सितलचिनीको बृद्धिदर जाँचको कार्य गरिएको।
- बिजयसाल, सिसौ र सागवान प्रजातिको बीउ अंकुरणमा बीउ स्रोत, माटोको मिश्रण र रोपण पूर्व उपचारको प्रभाव तथा उमार पछिको प्रारम्भिक वृद्धि सम्बन्धी अनुसन्धान कार्य भएको।

# परिच्छेद ५
# डिभिजन वन कार्यालयहरु

## ५.१ डिभिजन वन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)







**पृष्ठभूमि :**

मिति २०७२/०६/०३ मा नवलपरासी जिल्लाको दुई भागमा विभाजन पश्चात तथा संघीयताको कार्यान्वयनको सिलसिलामा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला लुम्बिनी प्रदेश अन्तर्गत रहेको छ। सोही अनुरुप साविकको जिल्ला वन कार्यालय नवलपरासी रहेको भवनमा पुर्वमा नवलपुर जिल्ला, पश्चिममा रुपन्देही जिल्ला, उत्तरमा पाल्पा जिल्ला र दक्षिणमा भारतको उत्तर प्रदेश भित्र पर्ने चार गाउँपालिका र तिन नगरपालिकाका वन क्षेत्रको संरक्षण, सम्बर्द्धन तथा उपयोग गर्ने गरी नेपाल सरकारको मिति २०७५/०३/३२ को निर्णय तथा स्वीकृत सांगठनिक संरचना अनुसार मिति २०७५/०४/२९ मा डिभिजन वन कार्यालय, नवलपरासी(बर्दघाट सुस्ता पश्चिम) स्थापना भई संचालनमा आएको।

यस डि.व.का. नवलपरासी (व.सु.प.) अन्तर्गत ४ वटा सव-डिभिजन रहेका छन् ।

**अवस्थिति :**

डि.व.का. नवलपरासी (व.सू.प.) जिल्लाको रामग्राम न.पा. वडा नं. ३ मा अवस्थित रहेको छ ।

- कर्मचारी दरबन्दी : ७७ कार्यरत कर्मचारी : ५७

**संगठन संरचना :**

## डिभिजन वन कार्यालय, नवलपरासी (व.सु.प.)को संगठन संरचना




**वन क्षेत्रमा पाईने मुख्य मुख्य रुख प्रजातिहरु :** साल, सतिसाल, सिसौ, खयर, असना, सिमल, टिक, साज, कदम, धगेरो, जामुन, सिरिस, वडहर, दवदवे, खमारी, विजयसाल आदि ।

**वन क्षेत्रमा पाईने मुख्य मुख्य गैरकाष्ठ वन पैदावारहरु :** खर, थाकल, सवाई घाँस, अमृसो, बाँस, सोत्तर, पत्कर, भोर्लाको पात, सालको पात, अमला, हर्रो, वर्रो, वेल, तरुल, महुवा, रिठ्ठा, सालको विउ, तेजपत्ता, सतावरी, सेतो मुसली, कालो मुसली, थाकल, तेजपात, असुरो आदि ।

**वन क्षेत्रमा पाईने मुख्य मुख्य वन्यजन्तुहरु :**

| | |
|---|---|
| **वन्यजन्तु** | रतुवा मृग, चितुवा, खरायो, स्याल, दुम्सी, लंगुर बाँदर, जंगली बिरालो, वंदेल, निलगाई, सोंस, आसामी रातो बाँदर, निलगाई, मलसाप्रो, न्याउरी मुसा, आदि |
| **पंक्षी** | धनेश, राजहास, मयुर, ढाडे गिद्द, कालो गिद्द, चिल, सुगा, ढुकुर, हांडीफोर, लुइंचे, कालिज, बाज, कालो स्टर्क, आदि |
| **जलचर** | घडीयाल गोही, मगर गोही, विभिन्न प्रजातिका माछा |
| **घस्रने जीव** | विभिन्न प्रजातिका सर्प, अजिंगर, छेपारो, गोहोरो, आदि |

**अतिक्रमित वन क्षेत्र :** ७४६.५१ हेक्टर

## सव-डिभिजन वन कार्यालय सम्बन्धि विवरण

**सव-डिभिजन संख्या : ४**

| क्र.सं. | सव-डिभिजनको नाम | मुकाम | कार्यक्षेत्र | सामुदायिक वन सम्बन्धी विवरण | | | | | | | | साझेदारी वन | | निजी वन | | धार्मिक वन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्बर्द्धन प्रणालीमा आधारित | | सम्बर्द्धन प्रणालीमा आधारित नभएको | | ब्याक लग/ नविकरण नभएका | | कूल | | | | | | | |
| | | | | संख्या | क्षेत्रफल (हे.) | १ | २ | १ | २ | १ | २ | १ | २ | १ | २ | १ | २ |
| १ | बर्दघाट सरावल | बर्दघाट | बर्दघाट न.पा. र सरावल गा.पा. | १५ | ४६२८.७६ | ८ | १९६.४९ | ८ | १९६.४९ | २३ | ४८२५.२५ | | | | | | |
| २ | सुनवल | सुनवल | सुनवल न.पा. वडा नं.१,२,३,५,६,९,११,१२,१३ को सम्पुर्ण क्षेत्र वडा नं.४,७ को महेन्द्र राजमार्गदेखि उत्तरको क्षेत्र रामग्राम न.पा.१ देखि ८,११,१२,१३,१७ | १७ | ५४१४.६६ | ४ | १२८.२६ | ४ | १२८.२६ | २१ | ५५४२.९२ | | | | | १ | ९.०० |
| ३ | रामग्राम पाल्हीनन्दन | अम्रौट | पाल्हीनन्दन गा.पा.सुनवल ८ र १० को सम्पुर्ण क्षेत्र, ४ र ७ को महेन्द्र राजमार्ग देखि दक्षिण, रामग्राम न.पा. वडा नं.९,१०,१४,१५,१६,१८ को सम्पुर्ण वन क्षेत्र | ५ | ५२१.२९ | ६ | ४६.९८ | ६ | ४६.९८ | ११ | ५६८.२७ | १ | १२०४.१० | ७४ | २८.२४ | | |
| ४ | प्रतापपुर सुस्ता | फेचुवा | प्रतापपुर गा.पा. र सुस्ता गा.पा. | ४ | ६५३.२९ | ३ | ३४५.०१ | ३ | ३४५.०१ | ७ | ९९८.३ | | | | | | |
| **कूल जम्मा** | | | | **४१** | **११२१८.०** | **२१** | **७१६.७४** | **२१** | **७१६.७४** | **६२** | **११९३४.७४** | **१** | **१२०४.१०** | **७४** | **२८.२४** | **१** | **९.००** |

**नोटः १. संख्या, २. क्षेत्रफल (हे)**

*२०८३ असार सम्मको विवरण*

## वन क्षेत्रको संख्या र क्षेत्रफल

जिल्लाको कूल क्षेत्रफल ७२५९५ हेक्टर मध्ये वन क्षेत्रले ओगटेको क्षेत्रफल २१९९७.०० हेक्टर (३०.३० प्रतिशत)

| सि.नं. | वन व्यवस्थापनको नाम | संख्या | क्षेत्रफल (हे.) | लाभान्वित घरधुरी |
|---|---|---|---|---|
| १ | सामुदायिक वन | ६२ | ११९३४.७४ | ४७७१४ |
| २ | साझेदारी वन | १ (बुद्ध शान्ति) | १२०४.१० | ११४४२ |
| ३ | धार्मिक वन | १ | ९.०० | ५४३ |
| ४ | निजी वन | ७४ | २८.२४ | |

## ५.२ डिभिजन वन कार्यालय, रुपन्देही






**पृष्ठभूमि :**

नेपालमा वन व्यवस्थापनको कार्य विक्रम संवत् १९९९ साल देखी सुरु भएको पाईन्छ। सर्वप्रथम काठ महल अड्डाको स्थापना गरी त्यस अन्तरगत ३ सर्कल, १२ वन जाँच अड्डाहरु राखिए। वि.सं. २००७ सालको परिवर्तनपछि मुलुकको सबै क्षेत्रमा परिवर्तन हुँदा वन संगठनमा पनि परिवर्तन भई २००८ सालमा २ सर्कल, ११ डिभिजन र ४४ रेन्ज कार्यालय सहित वर्तमान वन विभागको स्थापना भएको हो । समय सापेक्ष परिवर्तन हुंदै २०३३ सालमा राष्ट्रिय वन योजना लागु भयो र वि.सं. २०४० सालमा ५ वटा क्षेत्रीय वन निर्देशनालय खडा गरी सबै जिल्लामा जिल्ला वन कार्यालय स्थापना गर्ने काम सुरु भई २०४३, २०४४ सबैमा ७५ वटै जिल्लामा जिल्ला वन कार्यालय सञ्चालनमा आए । २०५० सालमा वन संगठनमा सामान्य हेरफेर गरी मुस्ताङ बाहेक ७४ जिल्लामा जिल्ला वन कार्यालय, ९२ ईलाका वन कार्यालय र ६९८ रेन्जपोष्टहरु कायम गरिए। २०५० सालमा नयाँ वन संगठन लागू भएपछि यो जिल्ला 'ख' वर्गका १६ जिल्ला मध्ये एक कायम भई २ वटा ईलाका वन कार्यालय र १२ वटा रेन्जपोष्ट कार्यरत रहेकोमा २०७० सालमा लागू भएको नयाँ संगठन संरचना अनुसार तपसिल बमोजिमका २ वटा सेक्टर वन कार्यालय र १२ वटा ईलाका वन कार्यालय कायम भएका थिए। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०३/३२ को निर्णय अनुसार प्रदेश सरकार अन्तरगत रहने गरी यस कार्यालयको नाम डिभिजन वन कार्यालय, रुपन्देही हुन गएको छ, साथै यस कार्यालय अन्तरगत ६ वटा सव-डिभिजन वन कार्यालयहरु रहेका छन् । डिभिजन वन कार्यालय रुपन्देही जिल्लाको ओमसतिया गाउँपालिका वडा नं. ४ मा अबस्थित रहेको छ ।

**अवस्थिति :**

डिभिजन वन कार्यालय रुपन्देही, रुपन्देही जिल्लाको ओमसतिया गा.पा., वडा नं. ४, बसन्तपुर, भैरहवामा अवस्थित छ ।

- कर्मचारी दरवन्दी : ९२ कार्यरत कर्मचारी : ७९ (२०८३ असार सम्म)

**संगठन संरचना :**




- लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८१ भाद्र ०६ गतेको निर्णयबाट स्वीकृत भएको दरबन्दी विवरण

**वन क्षेत्रको संख्या र क्षेत्रफल :**

जिल्लाको कूल क्षेत्रफल १३०५२१ हे. मध्ये वन क्षेत्रले ओगटेको २५५०८ हे. (१९.५४%)

| सि.नं. | वन व्यवस्थापनको नाम | संख्या | क्षेत्रफल(हे.) | लाभान्वीत घरधुरी |
|---|---|---|---|---|
| १. | सामुदायिक वन | १११ | १७६०५.४५ | ६६००९ |
| २. | साझेदारी वन | २ | २०९४.३४ | ९४३३२ |
| ३. | धार्मिक वन | ४ | २७.४७ | |
| ४. | निजी वन | ८५ | ९५.७७८ | |

**वन क्षेत्रमा पाईने मुख्य मुख्य रुख प्रजातिहरुः** साल, असना, कर्मा, जामुन, विजयसाल,

**वन क्षेत्रमा पाईने मुख्य मुख्य गैह्रकाष्ठ वन पैदावारहरुः** हर्रो, वर्रो, खयर, कुरिलो, गुर्जो

**वन क्षेत्रमा पाईने मुख्य मुख्य वन्यजन्तुहरुः** चितल, वदेल, निलगाई, चितुवा, अजिङ्गर,

**अतिक्रमित वन क्षेत्र :** ८३५० हे.

## सव-डिभिजन सम्बन्धी विवरण :

**सव-डिभिजन संख्या : ६**

| सि.नं. | सव–डिभिजनको नाम | मुकाम | कार्यक्षेत्र | सामुदायिक वन सम्बन्धी विवरण | | | | | | | | साझेदारी वन | | निजी वन | | धार्मिक वन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्बर्धन प्रणालीमा आधारित | | सम्बर्धन प्रणलीमा आधारित नभएका | | ब्याक लग/ नविकरण नभएका | | कूल | | (१) | (२) | (१) | (२) | (१) | (२) |
| | | | | (१) | (२) | (१) | (२) | (१) | (२) | (१) | (२) | | | | | | |
| १ | देवदह | सितलनगर, देवदह न.पा. | देवदह न.पा १० बाहेक सबै, तिलोत्तमा न.पा १० देखि १२ र ओमसतिया गा.पा ५ र ६ | १० | २४८९.३ | १८ | ४७८ | ० | ० | २८ | २९६७.३ | ० | ० | | | १ | ४.२ |
| २ | तिलोत्तमा | रामनगर, बुटवल उ.म.न.पा. | देवदह न.पा १०, बुटवल उप.न.पा ७ र १० तिलोत्तमा न.पा १ देखि ९ तथा १६ र १७ | ८ | २३५४.०६ | ६ | ८०७.७२ | ० | ० | १४ | ३१६१.७८ | १ | ७६४.२४ | | | १ | ३.४२ |
| ३ | सैनामैना | मुर्गिया, सैनामैना न.पा. | बुटवल उप.न.पा वडा नं ७ र १० बाहेकको क्षेत्र, सैनामैना १ देख ९ र सुद्धोधन गा.पा सबै | २ | ७०७.८९ | २७ | ६७१४ | ० | ० | २९ | ७४२१.८९ | ० | ० | | | २ | १९.८५ |
| ४ | कञ्चन | फायरलाईन, कञ्चन गा.पा. | कञ्चन गा.पा सवै र सैनामैना १० र ११ | १२ | २४७४.१ | १ | १३४.२ | १ | ४४६ | १३ | २६०८.३ | १ | १३३०.१० | ८५ | ९५.७८ | ० | ० |
| ५ | लुम्विनी | ठाकुरापुर, गैडहवा गा.पा. | गैडहवा गा.पा लुम्बिनी सा.न.पा, कोटहीमाई गा.पा र सम्मरीमाई गा.पा सबै | ५ | ३९०.४३ | ७ | ५०६.८ | २ | १५३ | १२ | ८९७.२३ | ० | ० | | | ० | ० |
| ६ | सिद्धार्थ | सिद्धार्थनगर न.पा. | मयादेवी गा.पा, सियारी गा.पा, मर्चवारी गा.पा, सिद्धार्थ न.पा, रोहिणी गा.पा सबै र ओमसतिया गा.पा १,२,३,४ र तिलोत्तमा १३, १४, १५ | १ | १५४.७५ | १४ | ३९४.२ | ० | ० | १५ | ५४८.९५ | ० | ० | | | ० | ० |
| | | | **कूल जम्मा** | **३८** | **८५७०.५३** | **७३** | **९०३४.९२** | **३** | **५९९** | **१११** | **१७६०५.४५** | **२** | **२०९४.३४** | **८५** | **९५.७८** | **४** | **२७.४७** |

**नोटः १. संख्या, २. क्षेत्रफल (हे)**

*२०८३ असार सम्मको विवरण*

## ५.३ डिभिजन वन कार्यालय, कपिलवस्तु (कपिलवस्तु)



**पृष्ठभूमि :**

वि.सं. २०४० सालमा बिकेन्द्रिकरणको संरचना अनुसार मेल खाने गरि यस कपिलवस्तु जिल्लामा पनि जिल्ला वन कार्यालयको स्थापना गरि ३ वटा ईलाका वन कार्यालय र १५ वटा रेन्ज पोष्टको स्थापना गरि वनको संरक्षण व्यवस्थापन र विकास गर्दै आईरहेकोमा नेपालको संबिधान २०७२ जारि भएपश्चात् संघीयता कार्यान्वयन गर्ने क्रममा प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत रहने निकायहरुको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिबेदन २०७५ अनुसार कपिलबस्तु जिल्लालाई २ वटा डिभिजन वन कार्यालय बनाई दुवै वटा डिभिजन अन्तर्गत ६/६ वटा सब डिभिजन वन कार्यालय रहने गरि नयाँ सँगठन संरचना निर्धारण गरि सोहि बमोजिम डिभिजन वन कार्यालय कपिलबस्तु (कपिलबस्तु) को स्थापना भएको हो । यस डिभिजनले ३ वटा नगरपालिका (बुद्धभुमी न.पा. वार्ड नं. १, २, ४, ५, ६, ७ र १०; कपिलबस्तु र बाणगंगा) र ३ वटा गाउँपालिका (मायादेवी, यशोधरा, शुद्धोधन) भित्र पर्ने वन क्षेत्रको संरक्षण व्यवस्थापन र विकास गर्दै आएको छ ।




**अवस्थिति :**

डिभिजन वन कार्यालय कपिलवस्तु, कपिलवस्तु जिल्लाको तौलिहवा न.पा., वडा नं. २, तौलिहवामा अवस्थित छ ।

- कर्मचारी दरवन्दी : ९२ कार्यरत कर्मचारी : ७९ (२०८३ असार सम्म)

## संगठन संरचना :




## वन क्षेत्रको संख्या र क्षेत्रफल :

जिल्लाको कूल क्षेत्रफल १,६५,१३६ हे. मध्ये डि.व.का. अन्तर्गत वन क्षेत्र २१७६३.६६ हे. (१३.१८%)

| सि.नं. | वन व्यवस्थापनको नाम | संख्या | क्षेत्रफल (हे.) | लाभान्वीत घरधुरी |
|---|---|---|---|---|
| १. | सामुदायिक वन | ७५ | ११३००५.१२ | ३२३६९ |
| २. | साझेदारी वन | २ (तिलौराकोट र मायादेवी) | ८४४७.८४ | ५१७२१ |
| ३. | निजी वन | १८ | १३.०९ | १८ |
| ४. | धार्मिक वन | ४ | २००.९५ | १२६ |
| ५. | कबुलियती वन | १ | २.९८ | १० |

**वन क्षेत्रमा पाईने मुख्य मुख्य रुख प्रजातिहरुः** साल, अस्ना, खयर, सिसौ आदि ।

**वन क्षेत्रमा पाईने मुख्य मुख्य रुख गैह्रकाष्ठ वन पैदावारहरुः** हर्रो, बर्रो, अमला, पिपला आदि

**वन क्षेत्रमा पाईने मुख्य मुख्य वन्यजन्तुहरुः** पाटे बाघ, चितुवा, रतुवामृग, बंदेल आदि

**अतिक्रमित वन क्षेत्र :** यस डिभिजन अन्तर्गत १५५८.७४ हे. रहेको

**आपूर्ति समिति :** गठन भएको ।

## सव-डिभिजन सम्बन्धी विवरण :

### सव-डिभिजन संख्या : ६

| सि.नं. | सव-डिभिजनको नाम | मुकाम | कार्यक्षेत्र | सामुदायिक वन सम्बन्धी विवरण | | | | | | | | साझेदारी वन | | निजी वन | | धार्मिक वन | | कबुलियती वन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्बर्धन प्रणालीमा आधारित | | सम्बर्धन प्रणालीमा आधारित नभएका | | व्याक लग भएका | | कूल | | (१) | (२) | (१) | (२) | (१) | (२) | (१) | (२) |
| | | | | (१) | (२) | (१) | (२) | (१) | (२) | (१) | (२) | | | | | | | | |
| १ | बडहरा | साविक विरपुर ई.व.का.भवन वडहरा | बुद्धभूमि न.पा.१(सन्धीखर्क जाने बाटो देखि पश्चिम),२,३(गुडुङ्ग खोला देखि पूर्व),४,५,६,१० | २५ | ४००६.६४ | १ | १२२.६० | १ | १२२.६ | २६ | ४१२९.२४ | ० | ० | ६ | १.९७ | ० | ० | १ | २.९८ |
| २ | चेतरादेई | साविक चेतरादेई ई.व.का.भवन चेतरादेई | मायादेवी गा.पा.१,२,४,५,६,७,८, यसोधरा गा.पा.१ देखि ८, कपिलवस्तु न.पा.१ देखि ११, बुद्धभूमि न.पा.१०(तौलिहवा जाने बाटो देखि पूर्व), २(तौलिहवा जाने बाटो देखि पूर्व) | ३ | २०८.७७ | ३ | १११.२० | ३ | १११.२० | ७ | ३१९.९७ | १ | ६५७४.८९ | ६ | ५.८९ | ० | ० | ० | ० |
| ३ | गोरुसिङ्गे | साविक गोरुसिङ्गे ई.व.का भवन गोरुसिङ्गे | बाणगंगा न.पा.९, बुद्धभूमि न.पा.१ (सन्धिखर्क जाने बाटो देखि पूर्व) | १७ | २९५३.८२ | ० | ० | ० | ० | १७ | २९५३.८२ | | | ४ | ३.६८ | २ | ६७.५ | ० | ० |
| ५ | मोतिपुर | बाणगंगा न.पा.८, बोडगाउँ | बाणगंगा न.पा.५,६,७,८ | १० | ३०२०.९३ | ० | ० | ० | ० | १० | ३०२०.९३ | | | ० | ० | १ | १२२.७ | ० | ० |
| ४ | पटना | साविक पटना ई.व.का.भवन पटना | बाणगंगा न.पा.१०,११,शुध्दोदन गा.पा.१ देखि ६ र मायादेवी गा.पा.३ | ८ | १००७.६४ | ० | ० | ० | ० | ८ | १००७.६४ | १ | १८७२.९५ | २ | १.५५ | ० | ० | ० | ० |
| ६ | पिपरा | साविक स.व.का.पिपरा भवन | बाणगंगा न.पा.१ देखि ४ | ८ | १५७३.५ | ० | ० | ० | ० | ८ | १५७३.५ | | | ० | ० | १ | १०.७५ | ० | ० |
| **कूल जम्मा** | | | | **७१** | **१२७७१.३२** | **४** | **२३३.८०** | **४** | **२३३.८०** | **७५** | **१३००५.१२** | **२** | **८४४७.८४** | **१८** | **१३.०९** | **४** | **२००.९५** | **१** | **२.९८** |

**नोटः १. संख्या, २. क्षेत्रफल (हे)**

*२०८३ असार सम्मको विवरण*

# ५.४ डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमवुद्ध)






## पृष्ठभूमि

डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमवुद्ध), जिल्ला कपिलवस्तु शिवराज न.पा.को चन्द्रौटामा अवस्थित छ। वन तथा वातावरण मन्त्रालयको पुनर्संरचना भई सकेपछि प्रदेश नं. ५ अन्तरगत पर्ने कपिलवस्तु जिल्लामा २ वटा डिभिजन वन कार्यालयहरु स्थापना भए । त्यस अन्तरगत मिति २०७५/०७/१५ गते डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमवुद्ध)को स्थापना भयो । यस डिभिजनको, पूर्वमा कपिलवस्तु जिल्लाको गुड्ङ्ग खोला, पश्चिममा दाङ जिल्ला र भारतको उत्तर प्रदेशको वलरामपुर जिल्ला, उत्तरमा अर्घाखाँची र दक्षिणमा भारतको उत्तर प्रदेशको सिद्धार्थनगर जिल्ला पर्दछ । यस डिभिजनको पूर्व पश्चिम सरदर लम्बाई ४० कि.मी.र उत्तर दक्षिण चौडाई ३२ कि.मी. रहेको छ । यस डिभिजनको अधिकांश क्षेत्र समथर रहेको छ ।

- कर्मचारी दरवन्दी : ९२ कार्यरत कर्मचारी : ६६ (२०८३ असार सम्म)

## संगठन संरचना :



लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध)
सङ्गठन संरचनाः

डिभिजनल वन अधिकृत/सिनियर डिभिजनल वन अधिकृत, नवौं/दशौं (वन/ज.फ.) - १

**शसस्त्र वन सुरक्षा शाखा**
सुवेदार, रा.प.अनं.प्र. (विविध) - १
जमदार, (रा.प.अनं.द्वि. (विविध) - २
हवल्दार, रा.प.अनं.तृ. (विविध) - ४
स.व.र. श्रेणीविहीन (विविध) - १६

**योजना शाखा**
वन अधिकृत/वरिष्ठ वन अधिकृत, सातौं/आठौं (वन/ज.फ.) - २
रेन्जर/सहायक वन अधिकृत, पाँचौं/छैठौं (वन/ज.फ.) - १
अपरेटर, चौथो (इन्जि./मेका./नि.उ.स.)-१

**वन व्यवस्थापन शाखा**
वन अधिकृत/वरिष्ठ वन अधिकृत, सातौं/आठौं (वन/ज.फ.) - २
फरेष्टर/वरिष्ठ फरेष्टर, चौथो/पाँचौं (वन/ज.फ.) - २
वन रक्षक, तेस्रो (वन/ज.फ.) - १

**कर्मचारी प्रशासन शाखा**
शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत, सातौं/आठौं (प्रशासन/सा.प्र.) - १
वरिष्ठ प्रशासन सहायक/अधिकृत, पाँचौं/छैठौं (प्रशासन/सा.प्र.) - १
प्रशासन सहायक, चौथो (प्र./सा.प्र.)-१
ह.स.चा., तहविहीन (प्र./सा.प्र.) - २
का.स., तहविहीन (प्र./सा.प्र.) - ३
चौकीदार, तहविहीन (प्र./सा.प्र.) - १

**सब-डिभिजन वन कार्यालयहरु (६ वटा)**
वन अधिकृत/वरिष्ठ वन अधिकृत, सातौं/आठौं (वन/ज.फ.) - ६
रेन्जर/सहायक वन अधिकृत, पाँचौं/छैठौं (वन/ज.फ.) - ६
वन रक्षक, तेस्रो (वन/ज.फ.) - ३६

**आर्थिक प्रशासन शाखा**
लेखा अधिकृत/वरिष्ठ लेखा अधिकृत, सातौं/आठौं (प्रशासन/लेखा) - १
लेखापाल/अधिकृत (लेखा), पाँचौं/छैठौं (प्रशासन/लेखा) - १

नोट : डिभिजन वन कार्यालय अन्तर्गत परिचालन हुने माथि संरचनामा देखाईएको सशस्त्र वन रक्षकहरु स्वीकृत वन तथा भू संरक्षण विभाग संघीय कार्यालय अन्तर्गत रहनेछन ।

## सव-डिभिजन सम्बन्धी विवरण : सव-डिभिजन संख्या : ६

| सि. नं. | सव–डिभिजनको नाम | मुकाम | कार्यक्षेत्र | सामुदायिक वन सम्बन्धी विवरण | | | | | | | | साझेदारी वन | | निजी वन | | धार्मिक वन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्बर्धन प्रणालीमा आधारित | | सम्बर्धन प्रणालीमा आधारित नभएका | | ब्याक लग/ नविकरण नभएका | | कूल | | (१) | (२) | (१) | (२) | (१) | (२) |
| | | | | संख्या (१) | क्षेत्रफल (२) | (१) | (२) | (१) | (२) | (१) | (२) | | | | | | |
| १ | चम्पापुर | बुद्धभूमी ०९, चम्पापुर | महाराजगञ्ज न.पा ११ र बुद्धभुमि न.पा. ३, ७, ८, ९ (थर्डी लिक देखि पूर्व) | ११ | ३०४६.९४ | १५ | ११५९.८९ | ८ | १०२८.१७ | २६ | ४२०३.८३ | ० | ० | | | १ | १०.६३ |
| २ | गुगौली | विजुयनगर ०६, गुगौली | विजयनगर गा.पा. | २ | ६६९.०७ | ३ | २८०.०३ | २ | १३८.९८ | ५ | ९४९.१ | १ | ३५७२.५१ | | | ० | ० |
| ३ | खगेन्द्रपुर | शिवराज ०३, खरेन्द्रपुर | महाराजगञ्ज न.पा. १, ६, शिवराज न.पा ३, ४, १०, ११, बुद्धभुमि न.पा. ९(थडी लिक देखि पश्चीम) | २ | १२०५.६९ | ० | ० | ० | ० | २ | १२०५.६९ | १ | ५०३४.७ | | | ० | ० |
| ४ | शिवगढी | शिवराज ०९, शिवगढी | कृणनगर न.पा. १,१०,११, विजयनगर गा.पा. २,३,४ र शिवराज न.पा.९ | १२ | २६३२.२८ | २ | ९६.९५ | ० | ० | १४ | २७२९.२३ | ० | ० | ८० | १६४.८३ | ० | ० |
| ५ | शिवपुर | शिवराज ०१, शिवपुर | कृष्णनगर न.पा. ५, ६, ७, ८, ९, शिवराज न.पा. १, २, ५, ६, ७, ८, ९ | ४ | १५५१.७ | ३ | २२४.०४ | १ | १३.३८ | ७ | १७७५.७४ | १ | १५०९.५० | | | ० | ० |
| ६ | ठाकुरापुर | कृष्णनगर ०४, ठकुरापुर | कृष्णनगर न.पा. २, ३, ४, १२ र विजयनगर गा.पा. ५,७ | १ | ३.२७ | १ | १३.३१ | ० | ० | २ | १६.५८ | ० | ० | | | ० | ० |
| | | | **कूल जम्मा** | **३२** | **९१०८.९५** | **२४** | **१७७१.२२** | **११** | **११८०.५३** | **५६** | **१०८८०.१७** | **३** | **१०११६.७१** | **८०** | **१६४.८३** | **१** | **१०.६३** |

**नोटः १. संख्या, २. क्षेत्रफल (हे)**

*२०८३ असार सम्मको विवरण*

### वन क्षेत्रको संख्या र क्षेत्रफल :

जिल्लाको कूल क्षेत्रफल १,६५,१३६ हे., डि.व.का. अन्तर्गत वन क्षेत्र ३९२०५.३४ हे. (२३.७४%)

| सि.नं. | वन व्यवस्थापनको नाम | संख्या | क्षेत्रफल (हे.) | लाभान्वीत घरधुरी |
|---|---|---|---|---|
| १. | सामुदायिक वन | ५६ | १०८८०.१७ | १३१९९ |
| २. | साझेदारी वन | ३ | १०११६.७० | ३५७२६ |
| ३. | निजी वन | ८० | १६४.८३ | |
| ४. | धार्मिक वन | १ | १०.६३ | |

### वन क्षेत्रमा पाईने मुख्य मुख्य रुख प्रजातिहरुः

| क्र.स. | वनको किसिम | मुख्य प्रजाति | मिश्रित प्रजातिहरु |
|---|---|---|---|
| १ | तराई साल | साल | साल, कर्मा, बाझी, हर्रो, बर्रो |
| २ | तराई कडा प्रजाति | साल, अस्ना, कर्मा | साल, अस्ना, बोटधाइरो, जामुन, भेल्लोर, कुसुम, बांझी, वेल |
| ३ | खयर सिसौं | खयर सिसौं | सिमल, कदम, कर्मा |
| ४ | अन्य | सिसौं, खयर, टिक, मसला, कदम | वृक्षारोपण |

### वन क्षेत्रमा पाईने मुख्य मुख्य गैह्रकाष्ठ वन पैदावारहरु :

| क्र.स | प्रजाति | क्र.स | प्रजाति | क्र.स | प्रजाति |
|---|---|---|---|---|---|
| १ | अमला | १६ | दिवाली च्याउ | ३१ | कुश |
| २ | बढीपाते लहरा | १७ | दुधेकाडा | ३२ | कुसुम |
| ३ | बडहर लहरा | १८ | दुधेखिर्रो | ३३ | मौवा |
| ४ | बाबियो, खर | १९ | दुधेलहरा | ३४ | निम |
| ५ | बैरकाँडा | २० | दुधेलहरा | ३५ | पिप्लापिप्ली |
| ६ | वनबसुवा | २१ | इमिली | ३६ | पुरनपाहि |
| ७ | वनकाफल | २२ | हर्रो | ३७ | रातोमसुर |
| ८ | वनतरुल | २३ | इमिर्ति | ३८ | साल |
| ९ | बेडिपत्ता | २४ | जामुन | ३९ | सर्पमकै |
| १० | बेल | २५ | जिब्रे | ४० | सेतोमसुर |
| ११ | भलायो | २६ | कालोमसुर | ४१ | सिरु |
| १२ | भाट | २७ | केवा | ४२ | ताप्रेझार |
| १३ | भोर्ला | २८ | खयर | ४३ | थकल |
| १४ | बुकिफुल | २९ | खिर्रो | ४४ | उन्यु |
| १५ | चरचरे लहरा | ३० | कुरिलो | ४५ | महुवा |
| ४६ | अन्य | | | | |

### वन क्षेत्रमा पाईने मुख्य मुख्य वन्यजन्तुहरुः

| | |
|---|---|
| **स्तनधारी वन्यजन्तु** | पाटे बाघ, चितुवा, रतुवा मृग, खरायो, स्याल, दुम्सी, लंगुर, बाँदर, जंगली विरालो, बँदेल, निलगाई, मलसाप्रो, न्याउरी मुसा, लोखर्के, स्याल, चमेरो, मलाहा विरालो आदि |
| **पंक्षी** | राजहास, सारस, मयूर, ढाडे गिद्द, कालो गिद्द, चिल, सुगा, ढुकुर, लुइंचे, कालिज, वन कुखुरा, रुवी, तित्रा, सुगा, धोविनी, काग, निलकण्ठ, बाज, कालो स्टर्क, आदि |
| **जलचर** | मगर गोही, विभिन्न प्रजातिका माछा |
| **घस्रने जीव** | विभिन्न प्रजातिका सर्प, अजिंगर, छेपारो, गोहोरो, आदि |

**अतिक्रमित वन क्षेत्र :** कार्यालयको अभिलेख अनुसार ८८९.०६ हे.

**आपूर्ति समिति :** गठन भएको ।

## ५.५ डिभिजन वन कार्यालय, दाङ (देउखुरी)




### पृष्ठभूमि

डिभिजन वन कार्यालय दाङ (देउखुरी), दाङ जिल्लाको लमहीमा अवस्थित छ । नेपाल सरकारको मिति २०७५/०३/३२ को निर्णय तथा स्वीकृत सांगठनिक संरचना अनुसार मिति २०७५/०४/२९ मा दाङ जिल्लाको देउखुरी उपत्यकाको लमहीमा डिभिजन वन कार्यालय स्थापना भई संचालनमा आएको । गढवा गाउँपालिका, राप्ती गाउँपालिका, राजपुर गाउँपालिका र लमही नगरपालिका डिभिजन वन कार्यालय, दाङ (देउखुरी) को कार्यक्षेत्र पर्दछ । डिभिजन वन कार्यालय दाङ (देउखुरी) अन्तर्गत ८ वटा सव-डिभिजन कार्यालय रहेका छन् ।

- कर्मचारी दरवन्दी : १०८  कार्यरत कर्मचारी : ७९  (२०८३ असार सम्म)

### संगठन संरचना

**डिभिजनल वन अधिकृत/सिनियर डिभिजनल वन अधिकृत,
नवौं/दशौं (वन/ज.फ.) - १**

| सशस्त्र वन सुरक्षा शाखा | योजना शाखा | वन व्यवस्थापन शाखा | कर्मचारी प्रशासन शाखा |
|---|---|---|---|
| सुदेदार, रा.प.अनं.प्र. (विविध) - १<br>जमदार, (रा.प.अनं.द्वि. (विविध) - २<br>हवल्दार, रा.प.अनं.तृ. (विविध) - ४<br>स.व.र., श्रेणी विहीन (विविध) - १६ | वन अधिकृत/वरिष्ठ वन अधिकृत, सातौं/आठौं (वन/ज.फ.) - २<br>रेन्जर/सहायक बन अधिकृत, पाँचौं/खैठौं(वन/ज.फ.) - १<br>अपरेटर, चौथो (इन्जि./मेका./नि.उ.स.)-१ | वन अधिकृत/वरिष्ठ वन अधिकृत, सातौं/आठौं (वन/ज.फ.) - २<br>फरेष्टर/वरिष्ठ फरेष्टर, चौथो/पाँचौं (वन/ज.फ.) - २<br>वन रक्षक, तेश्रो (वन/ज.फ.) – १ | शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत, सातौं/आठौं (प्रशासन/सा.प्र.) - १<br>वरिष्ठ प्रशासन सहायक/अधिकृत, पाँचौं/खेटौं (प्रशासन/सा.प्र.) - १<br>प्रशासन सहायक, चौथो (प्र./सा.प्र.) - १<br>ह.स.चा., तहविहीन (प्र./सा.प्र.) - २<br>का.स., तहविहीन (प्र./सा.प्र.) - ३<br>चौकीदार, तहविहीन (प्र./सा.प्र.) - १ |

| सब-डिभिजन वन कार्यालयहरु (८ वटा) | आर्थिक प्रशासन शाखा |
|---|---|
| वन अथिकृत/बरिछ वन अधिकृत, सातौं/आठौं (वन/ज.फ.) - ८<br>रेन्जर/सहायक वन अधिकृत, पाँचौं/खेटौं (वन/ज.फ.) - ८<br>वन रक्षक, तेक्षो (वन/ज.फ.) - ४८ | लेखा अधिकृत/बरिछ लेखा अभिकृत, सातौं/आठौं (प्रशासन/लेखा) – १<br>लेखापाल/अधिकृत (लेखा), पाँचौं/खेटौं (प्रशासन/लेखा) - १ |

## सव-डिभिजन सम्बन्धी विवरण :

**सव-डिभिजन संख्या : ८**

| सि. नं. | सव-डिभिजनको नाम | मुकाम | कार्यक्षेत्र | सामुदायिक वन सम्बन्धी विवरण | | | | | | | | चक्ला वन | | निजी वन | | धार्मिक वन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्बर्धन प्रणालीमा आधारित | | सम्बर्धन प्रणालीमा आधारित नभएका | | ब्याक लग/ नविकरण नभएका र नविकरण हुन बांकी | | कूल | | (१) | (२) | (१) | (२) | (१) | (२) |
| | | | | संख्या (१) | क्षेत्रफल (२) | (१) | (२) | (१) | (२) | (१) | (२) | | | | | | |
| १ | कालाकाटे | कालाकाटे | गढवा गा.पा. १, २ | ५ | २००१.६३ | १० | ३९४५.७२ | ० | ० | १५ | ५९४७.३५ | ० | ० | ० | ० | ० | ० |
| २ | गोबरडिहा | गोबरडिहा | गढावा गा.पा. ३, ४, ५ | २ | ८४४.२३ | ७ | २५०९.१५ | ५ | २११७.०७ | ९ | ३३५३.३८ | ० | ० | ० | ० | १ | ३७.५ |
| ३ | गढवा | गढवा | गढवा गा.पा. ६, ७, ८ | १० | ४५१४.१६ | ४ | ५३६.७ | ४ | ५३६.७ | १४ | ५०५०.८६ | ० | ० | १९ | ८.९२ | ० | ० |
| ४ | बेला | बेला | राजपुर गा.पा. १, २, ३, ४ र ५ | १९ | ९८०७.६५ | ८ | २६५८.६६ | ४ | २४०९.८६ | २७ | १२४६६.३ | १ | १६००.५७ | २ | १.६८ | ० | ० |
| ५ | गंगदी | गंगदी | राजपुर गा.पा. ६ र ७ | १४ | ७८६७.०९ | ७ | २३५५.७७ | ७ | २३५५.७७ | २१ | १०२२२.९० | ० | ० | ० | ० | ० | ० |
| ६ | सतबरीया | सतबरीया | लमही न.पा. ८, ९ | १६ | ६६२२.२१ | ५ | २२४४.९९ | ५ | २२४४.९९ | २१ | ८८६७.२ | ० | ० | ० | ० | ० | ० |
| ७ | लमही | लमही | लमही न.पा. १, २, ३, ४, ५, ६ र ७ | १८ | ६३७४.२४ | ११ | १३१३.१५ | ९ | १६३.६५ | २९ | ७६८७.३९ | ० | ० | १९ | १० | ० | ० |
| ८ | रासी | मसुरिया | रासी गा.पा. १ देखि ९ सम्म | ४ | २२१८.२९ | ११ | ६२१३.११ | १० | ६०६४.७२ | १५ | ८४३१.४ | ० | ० | ६ | २.२६ | ० | ० |
| | | | **कूल जम्मा** | **८८** | **४०२४९.६०** | **६३** | **२१७७७.२५** | **४४** | **१५८९१.९९** | **१५१** | **६२०२६.८५** | **१** | **१६००.५७** | **४६** | **२२.८६** | **१** | **३७.५** |

**नोटः १. संख्या, २. क्षेत्रफल (हे)**

*२०८३ असार सम्मको विवरण*

**वन क्षेत्रको संख्या र क्षेत्रफल :**

जिल्लाको कूल क्षेत्रफल : ३,०५,९८६ हे., डि.व.का.को कार्यक्षेत्र भित्र पर्ने कूल वनको क्षेत्रफल १,२३,४६७ हे. (४०.३५%)

| सि.नं. | वन व्यवस्थापनको नाम | संख्या | क्षेत्रफल (हे.) | लाभान्वीत घरधुरी |
|---|---|---|---|---|
| १. | सामुदायिक वन | १५१ | ६२०२६.८५ | ४३०६२ |
| २. | सरकारद्धारा व्यवस्थीत वन | | ५०५६७.०६ | |
| ३. | चक्ला वन | १ | १६००.५७ | वेला चक्ला वन |
| ३. | निजी वन | ४६ | २२.८६ | |
| ४. | धार्मिक वन | १ | ३७.५ | सिद्ध बाघनाथ बाबा जँकलकुटी धार्मिक वन |

**वन क्षेत्रमा पाईने मुख्य मुख्य रुख प्रजातिहरु:** साल, असना, कर्मा, जामुन, खयर, सिसौं, धौठी

**वन क्षेत्रमा पाईने मुख्य मुख्य गैह्रकाष्ठ वन पैदावारहरु:** हर्रो, बर्रो, अमला, अमला, सुगन्धकोकिला

**वन क्षेत्रमा पाईने मुख्य मुख्य वन्यजन्तुहरु:** बदेल, रतुवा, चितुवा, पाटेबाँघ

**अतिक्रमित वन क्षेत्र :** २०४२ हे.

**आपूर्ति समिति :** डिभिजन वन कार्यालय, दाङ (देउखुरी) बाट संचालन भईरहेको

**कार्यक्षेत्रको नक्सा सव-डिभिजन सहित**



# ५.६ डिभिजन वन कार्यालय, दाङ (दाङ)






**पृष्ठभूमि :**

नेपाल सरकारको मिति २०७५/०३/३२ को निर्णय तथा स्वीकृत सांगठनिक संरचनाअनुसार मिति २०७५/०४/२९ मा दाङ जिल्लाको घोराही उपत्यकाको घोराहीमा डिभिजन वन कार्यालय स्थापना भई संचालनमा आएको । डिभिजन वन कार्यालय दाङ(दाङ), दाङ जिल्लाको घोराही उ.म.न.पा.मा साविकको जिल्ला वन कार्यालयको भवनमा अवस्थित छ । बबई गाउँपालिका, दंगीशरण गाउँपालिका, शान्तिनगर गाउँपालिका, तुलसीपुर उ.म.न.पा., घोराही उ.म.न.पा., बंगलाचुली गाउँपालिका डिभिजन वन कार्यालय दाङ (दाङ) को कार्यक्षेत्र भित्र पर्दछ । डिभिजन वन कार्यालय दाङ (दाङ) अन्तर्गत ८ वटा सव-डिभिजन कार्यालय रहेका छन् ।

**अवस्थिति :**

डिभिजन वन कार्यालय दाङ (दाङ) जिल्लाको घोराही उ.म.न.पा. वडा नं. १५ स्थित भरतपुरमा अवस्थित रहेको छ ।

- कर्मचारी दरवन्दी : १०८, कार्यरत कर्मचारी : ७७ (२०८३ असार सम्म)

## संगठन संरचना




**जिल्लाको कूल क्षेत्रफल :** ३,०५,९८६ हे., डि.व.का.को कार्यक्षेत्र भित्रपर्ने कूल वनको क्षेत्रफल ७७,२५८ हे. (२५.२५%)

| सि.नं. | वन व्यवस्थापनको नाम | संख्या | क्षेत्रफल(हे.) | लाभान्वीत घरघुरी |
|---|---|---|---|---|
| १. | सामुदायिक वन | ३९० | ६७३०९.२० | ७६७२६ |
| २. | धार्मिक वन | ५ | ११२.५२ | |
| ३. | चक्लावन | १ | ५४५.६३ | कालापानी खोला |
| ४. | निजी वन | २४० | ११२.०० | |

**वन क्षेत्रमा पाईने मुख्य मुख्य रुख प्रजातिहरुः** साल, असना, कर्मा, जामुन, खयर, सिसौं, धौठी

**वन क्षेत्रमा पाईने मुख्यमुख्य गैह्रकाष्ठ वन पैदावारहरुः** टिमुर, हर्रो, बर्रो, अमला, अमला, सुगन्धकोकिला ।

**वन क्षेत्रमा पाईने मुख्यमुख्य वन्यजन्तुहरुः** बदेल, रतुवा, चितुवा, पाटेबाँघ ।

**अतिक्रमित वन क्षेत्रः** ८२५.८८ हेक्टर

**आपूर्ति समितिः** डिभिजन वन कार्यालय दाङ (दाङ) बाट संचालन भैरहेको ।

## सव-डिभिजन सम्बन्धी विवरण :

**सव-डिभिजन संख्या : ८**

| सि. नं. | सव-डिभिजनको नाम | मुकाम | कार्यक्षेत्र | सामुदायिक वन सम्बन्धी विवरण | | | | | | | | चक्ला वन | | निजी वन | | धार्मिक वन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्बर्धन प्रणालीमा आधारित | | सम्बर्धन प्रणालीमा आधारित नभएका | | व्याक लग भएका/नविकरण नभएका | | कूल | | | | | | | |
| | | | | संख्या (१) | क्षेत्रफल (२) | (१) | (२) | (१) | (२) | (१) | (२) | (१) | (२) | (१) | (२) | (१) | (२) |
| १ | कमिरेचौर | कमिरेचौर | बंगलाचुली गाँउपालिका सवै | ६ | २४०८.९० | ३१ | ८२८३.८५ | १३ | १८९८.५५ | ३७ | १०६९२.७५ | | | | | ० | ० |
| २ | सुनपुर | रामपुर | घोराही उ.म.न.पा. १,२,३ र ४ | १४ | ३३५३.२० | २० | ५७८५.९३ | ७ | २३१४.४६ | ३४ | ९१३९.१३ | | | | | १ | ५.२७ |
| ३ | अम्बिकेश्वरी | भरतपुर | घोराही उ.म.न.पा. ५,६,७, १३, १४,१५, १६, १७, १८, १९ | ७ | ४७०७.०० | ७९ | ५०८९.९२ | ३६ | २१३१.९९ | ८२ | ९७९६.९२ | | | | | २ | ५१.१७ |
| ४ | नारायणपुर | दक्षिण अम्राई | घोराही उ.म.न.पा. ८,९,१०,११ र १२ | ० | ० | ३९ | २७६९.४१ | १० | १०१०.३० | ३९ | २७६९.४१ | | | | | १ | ५३.०० |
| ५ | बिजौरी | बिजौरी | तुलसीपुर १३,१४,१५,१६,१७,१८ र १९ | ७ | १७७७.८० | ५१ | ६९७७.७६ | १४ | ३५७९.७५ | ५१ | ८७५५.५६ | | | २४० | ११२ | ० | ० |
| ६ | तुलसीपुर | दोघरे | तुलसीपुर १, २, ३,४, ५, ६, ७, ८, ९, १०, ११, १२ | ३ | ५८६.५५ | ५४ | ६७२३.७१ | १३ | ७६१.७६ | ५६ | ७३१०.२६ | | | | | १ | ६.०८ |
| ७ | दंगीशरण | श्रीगाँउ | शान्तिगर र दंगीशरण गा.पा. का सवै वडाहरु | २४ | ४५९१.४० | ५३ | ३५३६.७६ | ८ | ६८१.८९ | ६५ | ८१२८.१६ | १ | ५४५.६३ | | | ० | ० |
| ८ | पुरन्धारा | हापुरे | बबई गाँउपालिका सवै वडाहरु | २५ | ९४१८.३० | ८ | १२९८.७० | ३ | ५८५.७४ | २७ | १०७१७ | | | | | ० | ० |
| **कुल जम्मा** | | | | **५५** | **२६८४३.१५** | **३३५** | **४०४६६.०४** | **१०४** | **१२९६४.४४** | **३९०** | **६७३०९.२०** | **१** | **५४५.६३** | **२४०** | **११२** | **५** | **११५.५२** |

**नोटः १. संख्या, २. क्षेत्रफल (हे)**

*२०८३ असार सम्मको विवरण*

# ५.७ डिभिजन वन कार्यालय, बाँके

**पृष्ठभूमि :**







नेपालको संविधान, २०७२ जारी भए पछि देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात सँघ, प्रदेश र स्थानिय तह गरी तिन तहमा सरकारहरु रहने संवैधानिक व्यवस्था अनुरुप लुम्बिनी प्रदेश सरकार अन्तर्गत साविक जिल्ला वन कार्यालय बाँकेको नामाकरण डिभिजन वन कार्यालय बाँके भएको छ । नेपाल सरकारको मिति २०७५/०३/३२ को निर्णय तथा स्वीकृत सांगठनिक संरचना लुम्बिनी प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालय मातहतमा यो डिभिजन वन कार्यालयको स्थापना भएको छ। यस डिभिजन वन कार्यालयको मातहतमा ६ वटा सव-डिभिजन वन कार्यालयहरु रहेका छन् ।

वन ऐन २०७६, वन नियमावली २०७९, वन नीति २०७१, को भावना अनुरुप डिभिजन वन कार्यालय, तथा मातहतका सव-डिभिजन र सामुदायिक वन उपभोक्ता समूहहरुद्वारा वन जङ्गलको संरक्षण, सम्बर्द्धन तथा विकास एवम् वन पैदावारको आपूर्तिमा सरलता एवं दिगो आत्म निर्भरताको लागि यस जिल्लामा भएको मौजुदा वनको संरक्षण, संबर्धन तथा सदुपयोग र स्थानिय जनताको सम्वृद्धिको लागि ब्यापक रुपमा कार्यक्रम संचालन गर्दै लैजाने उद्देश्यले कार्यान्वयन हुदै आएकोमा हाल डिभिजन वन कार्यालय, बाँकेको मिति २०८१/०४/१५ मा स्विकृत (अवधिः आ.व. २०८१/८२ देखि २०८५/८६ सम्म) पञ्चवर्षिय वन व्यवस्थापन योजना कार्यान्वयनमा रहेको छ।

**अवस्थिति :**

डिभिजन वन कार्यालय बाँके, जिल्लाको नेपालगञ्ज उ.म.न.पा. - १० मा अवस्थित छ ।

- कर्मचारी दरवन्दी : ९३, कार्यरत कर्मचारी : ७७ (२०८३ असार सम्म)

## संगठन संरचना :

### डिभिजन वन कार्यालय बाँकेको संगठन संरचना :




नोट : डिभिजन वन कार्यालय अन्तर्गत परिचालन हुने माथि संरचनामा देखाइएको सशस्त्र वन रक्षकहरु स्वीकृत वन तथा भू-संरक्षण विभाग संघीय कार्यालय अन्तर्गत रहनेछन् ।

## वन क्षेत्रको संख्या र क्षेत्रफल :

जिल्लाको कूल क्षेत्रफल १,८८,०४६ हे. मध्ये वन क्षेत्रले ओगटेको १,१७,९०९ हे.

| सि.नं. | वन व्यवस्थापनको नाम | संख्या | क्षेत्रफल(हे.) | लाभान्वीत घरधुरी |
|---|---|---|---|---|
| १. | सामुदायिक वन | ११९ | २३४०२.८३ | ३७४८६ |
| २. | चक्ला वन | ३ | ७४०५.५९ | शम्शेरगंज माथेबास, भुवरभवानी र खर्चेताल |
| ३. | धार्मिक वन | ५ | १००.०६ | |
| ३. | निजी वन | १४६ | ९९.२८ | |

**वन क्षेत्रमा पाईने मुख्य मुख्य रुख प्रजातिहरु :** साल, असना, खयर, सादन/पानन, सतिसाल, धौटी, जामुन, कर्मा, कुसुम, बोटधाईरो, पलास, मौवा, तेन्दु

**वन क्षेत्रमा पाईने मुख्य मुख्य गैह्रकाष्ठ वन पैदावरहरु :** मौवा, तेन्दुपात, बाबियो, करिपत्ता, हर्रो-बर्रो, अमला

**वन क्षेत्रमा पाईने मुख्य मुख्य वन्यजन्तुहरु :** पाटेबाघ, हात्ति, चौका, चितुवा, हुडाँर, अजिङ्गर, सुनगोहोरो, घडियाल

**अतिक्रमित वन क्षेत्र :** ६०६.९८ हे.

**आपूर्ति समिति :** रहेको

**सव-डिभिजन सम्बन्धी विवरण :**

**सव-डिभिजन संख्या : ६**

| सि.नं. | सब-डिभिजनको नाम | मुकाम | कार्यक्षेत्र | सामुदायिक वन सम्बन्धी विवरण | | | | | | | | चक्ला वन | | निजी वन | | धार्मिक वन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्वर्धन प्रणालीमा आधारित | | सम्वर्धन प्रणाली नभएका | | ब्याक लग/ नविकरण नभएका | | कूल | | | | | | | |
| | | | | संख्या (१) | क्षेत्रफल (२) | संख्या (१) | क्षेत्रफल (२) | संख्या (१) | क्षेत्रफल (२) | संख्या (१) | क्षेत्रफल (२) | संख्या (१) | क्षेत्रफल (२) | संख्या (१) | क्षेत्रफल (२) | संख्या (१) | क्षेत्रफल (२) |
| १ | नेपालगञ्ज | नेपालगञ्ज उपमहानगरपालिका, वडा नं. १९ राँझा | खजुरा गापा पुरै, नेपालगञ्ज उपमहानगरपालिका पुरै, डुडुवा गापा पुरै र जानकी गापा पुरै | ४ | ७२४.५९ | १३ | २७१४.४६ | १ | २१८.९१ | १७ | ३४३९.०५ | ० | ०.०० | १०९ | ७९.१५ | २ | ३.३३ |
| २ | कोहलपुर | कोहलपुर नगरपालिका, वडा नं. ११ कोहलपुर | कोहलपुर नगरपालिका र बैजनाथ गापा पुरै | १२ | १३०६.८९ | १९ | २२२६.३९ | ० | ०.०० | ३१ | ३५३३.२८ | ० | ०.०० | ३० | १६.०२ | ० | ०.०० |
| ३ | शमशेरगन्ज | राप्ती सोनारी गाउँपालिका, वडा नं. ८ ओवरी, शमशेरगन्ज | राप्तीसोनारी गापा २, ८ र ९ बाँकी | १९ | ५००५.३ | ० | ०.०० | ११ | ३२७२.०५ | १९ | ५००५.३० | १ | २५७८.०० | ३ | ०.६८ | १ | ७३.९१ |
| ४ | सिक्टा | राप्ती सोनारी गाउँपालिका, वडा नं. ३ बैसा | राप्तीसोनारी गापा १, ३ र ४ बाँकी | १३ | २३७८.४१ | ९ | १७८३.२७ | ४ | ६३२.७२ | २२ | ४१६१.६८ | २ | ४८२७.५९ | १ | ०.२४ | ० | ०.०० |
| ५ | राप्ती | राप्ती सोनारी गाउँपालिका, वडा नं. ६ मेहमानपुर | राप्तीसोनारी ५, ६ र ७ बाँकी | ७ | १३४३.०४ | ८ | २४१७.४० | ० | ०.०० | १५ | ३७६०.४४ | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| ६ | नरैनापुर | नरैनापुर गाउँपालिका, वडा नं. ५ नरैनापुर | नरैनापुर गापा पुरै | ९ | २०२३.०० | ६ | १४८०.०८ | ० | ०.०० | १५ | ३५०३.०८ | ० | ०.०० | ३ | ३.१७ | २ | २२.८२ |
| **कूल जम्मा** | | | | **६४** | **१२७८१.२३** | **५५** | **१०६२१.६०** | **१६** | **४१२३.६८** | **११९** | **२३४०२.८३** | **३** | **७४०५.५९** | **१४६** | **९९.२८** | **५** | **१००.०६** |

**नोटः १. संख्या, २. क्षेत्रफल (हे)**

*२०८३ असार सम्मको विवरण*

# ५.८ डिभिजन वन कार्यालय बर्दिया

**पृष्ठभूमिः**






साबिकको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको भेरी अञ्चलमा अवस्थित बर्दिया जिल्ला लुम्बिनी प्रदेश अन्तर्गतको १२ जिल्ला मध्ये सुदुरपश्चिम प्रदेशसँग जोडिएको तराईको जिल्ला हो । लुम्बिनी प्रदेशको खाद्यान्न भण्डारका रुपमा परिचित यो जिल्ला प्राकृतिक स्रोत, रमणिय स्थल, प्राकृतिक छटाहरुले सुसोभित जिल्ला पनि हो । पूर्वमा बाँके जिल्ला, पश्चिममा कैलाली जिल्ला, उत्तरमा सुर्खेत र सल्यान जिल्ला र दक्षिणमा भारतसँग जोडिएको छ । बर्दिया जिल्लामा बर्दिया राष्ट्रिय निकुन्ज, खाता संरक्षण क्षेत्र, कृष्णसार संरक्षण क्षेत्र, बढैया ताल, कर्णाली तथा भेरी नदी लगायत महत्वपूर्ण प्राकृतिक पर्यटकिय स्थल रहेका छन् ।

अधिकांश दक्षिणी सिमाना भारतको कर्तनियाघाट वन्यजन्तु स्याङ्चुरीसँग जोडिएको र उत्तरी क्षेत्रमा देशको तराईको ठुलो राष्ट्रिय निकुञ्ज बर्दिया रहेको हुँदा सो दुई संरक्षण क्षेत्र जोड्ने खाता जैविक मार्ग यस जिल्लाको वन्यजन्तु ओहोर दोहोरको प्रसिद्ध मार्ग हो । कर्णाली, ववई नदी र मानखोला यसै जिल्ला भएर बगेकोले यो जिल्ला बाढीको हिसाबले उच्च जोखिममा रहेको छ । सरदर यस जिल्लाको पूर्व-पश्चिम लम्बाई करिव ७४ कि.मी. र उत्तर दक्षिणको चौडाई करिव ३५.७१ कि.मी. रहेको छ । यस जिल्लाको दक्षिणी भागमा तराईको समथर भू-भाग र उत्तरी भागमा पूर्व-पश्चिम फैलिएको चुरे श्रृंखला पर्दछ । भौगोलिक अवस्थिति अनुसार यस जिल्लालाई ३ भागमा बिभाजन गर्न सकिन्छ । जुन यस प्रकार छनः (क) तराईको समथर भूमी, (ख) उत्तरको भावर प्रदेश र (ग) चुरे पर्वत श्रृंखला ।

जिल्लाको उत्तरी क्षेत्र भावर क्षेत्र र चुरे पर्वत श्रृंखलामा पर्ने, र उक्त क्षेत्र बर्दिया राष्ट्रिय निकुञ्जको संरक्षण क्षेत्र भित्र पर्ने भएकोले यस क्षेत्रमा जनसंख्याको चाप नरहेको देखिन्छ । चुरे श्रंखला भू-वनोटको आधारमा वस्ती योग्य देखिदैन । जिल्लाको कूल भू-भाग मध्ये अधिकांश भू-भाग करिब ६८.७६% समथर भू-भाग र करिव ३१.२४% भू-भाग शिवालिक क्षेत्रले ढाकेको छ । समुन्द्र सतह देखि जिल्लाको समथर भू-भाग १३८ मिटर उचाई देखि चुरे क्षेत्र १२७९ मिटर उचाईसम्म फैलिएर रहेको छ । भौगर्भिक रुपमा चुरे पहाडको उत्तरी मोहडा सामान्य भिरालो छ भने दक्षिण मोहडा अति भिरालो छ ।

**अवस्थितिः**

डिभिजन वन कार्यालय बर्दिया जिल्लाको सदरमुकाम गुलरियामा साविकको जिल्ला वन कार्यालयको भवनमा अवस्थित छ। बर्दिया जिल्लाको क्षेत्रफल मध्ये यस कार्यालयको कार्यक्षेत्रमा रहेको वनले १०.३३% ढाकेको छ । बर्दिया जिल्लामा बर्दिया राष्ट्रिय निकुञ्ज र सो निकुञ्जको मध्यवर्ती क्षेत्र र कृष्णसार संरक्षण क्षेत्र बाहेकको क्षेत्र यस कार्यालयको कार्यक्षेत्र

रहेको छ । यस कार्यालयको कार्यक्षेत्रको पूर्वमा बाँके जिल्ला, पश्चिममा कैलाली जिल्ला र बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र, उत्तरमा बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र र दक्षिणमा भारतको कतर्नियाघाट वाइल्डलाइफ रहेको छ । यस कार्यालयमा कर्मचारी दरबन्दी ७६ जना रहेकोमा हाल कार्यरत ५८ जना (स्थायी ४२ र करार १६ जना) रहेको छ ।

**संगठन संरचना :**




## वन क्षेत्रमा पाइने मुख्य मुख्य रुख प्रजातिहरु

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत वनमा पाइने मुख्य मुख्य रुख प्रजातिहरु साल, असना, कर्मा, जामुन, बोटधाइरो, बाँझी, दबदबे, हर्रो, बर्रो, खयर, सिमल, डुम्री, भेलोर आदि रहेका छन् ।

## वन क्षेत्रमा पाइने मुख्य मुख्य गैह्रकाष्ठ वन पैदावारहरु

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत वनमा पाइने मुख्य मुख्य जडिबुटी प्रजातिहरु अमला, हर्रो, बर्रो, कुरिलो, वेल, वेत आदि रहेका छन् ।

## वन क्षेत्रमा पाइने मुख्य मुख्य वन्यजन्तुहरु

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत वनमा पाइने मुख्य मुख्य वन्यजन्तुहरु हात्ती, गैंडा, बाघ, चितुवा, मृग, बँदेल, दुम्सी, सालक, बाँदर आदि रहेका छन् ।

**अतिक्रमित वन क्षेत्र :** २९६.९५४२ हेक्टर, हटाएको अतिक्रमणः १७.३४ हे.,
बाँकी अतिक्रमणः २७९.६१४२ हे.

**आपूर्ति समिति :** यस जिल्लामा वन पैदावार आपूर्ति समिति रहेको छ । यस आपूर्ति समितिले सहुलियत मूल्यमा जिल्ला भित्रका बासिन्दालाई काठ, दाउरा उपलब्ध गराउँदै आएको छ ।

## सव-डिभिजन सम्बन्धि विवरण

**सव-डिभिजन संख्याः ४**

| सि.नं. | सव-डिभिजनको नाम | मुकाम | कार्यक्षेत्र | सम्वर्धन प्रणालीमा आधारित | | सम्वर्धन प्रणालीमा आधारित नभएको | | ब्याक लग/ नविकरण नभएका | | कूल | | वन संरक्षण क्षेत्र | | निजी वन | | धार्मिक वन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | क्षेत्रफल | संख्या | क्षेत्रफल | संख्या | क्षेत्रफल | संख्या | क्षेत्रफल | संख्या | क्षेत्रफल | संख्या | क्षेत्रफल | संख्या | क्षेत्रफल |
| १ | राजापुर | राजापुर न.पा.-४, राजापुर | राजापुर न.पा. (वडा नं. १ देखि १० सम्म) | ६ | ४५६.१० | २८ | ३४३.४० | ९ | १३२.९४ | ३४ | ७९९.५० | ० | ०.०० | ६ | २६.८९ | ० | ०.०० |
| २ | खाता | मधुवन न.पा.-८, सानोश्री | मधुवन न.पा. (वडा नं. १ देखि ९ सम्म) र ठाकुरबाबा न.पा. अन्तर्गतको वडा नं. ३, ४, ५ र ९ को केहि भाग | ३९ | ५८४८.०० | २७ | १८४१.५३ | १९ | १२२२.२२ | ६६ | ७६९९.५३ | १ | ५७४१.८९ | ४४ | २४.३८ | ३ | १५.६३ |
| ३ | बबई | बारबर्दिया न.पा.-६, जयनगर | बारबर्दिया न.पा. अन्तर्गतको वडा नं. १ को केहि भाग, वडा नं. २, ३, ४, ५ र ६ को सबै भाग, वडा नं. ७ र ९ को केहि भाग, वडा नं. १० र ११ को सबै भाग र गुलरिया न.पा. (वडा नं. १ देखि १२ सम्म) | ३७ | ५११७.०० | ३९ | १५४८.०१ | १४ | ५४५.६० | ७६ | ६६६५.०१ | ० | ०.०० | ५९ | ७५.८१ | १ | ६.०० |
| ४ | बाँसगढी | बाँसगढी न.पा.-५, बाँसगढी | बाँसगढी न.पा. (वडा नं. १ देखि ९ सम्म) र बढैयाताल गा.पा. (वडा नं. १ देखि ९ सम्म) | ३७ | ३९५५.०० | ३९ | १८३१.३७ | २८ | १२९६.६३ | ७६ | ५७८६.३७ | ० | ०.०० | ३७ | २६.१४ | ० | ०.०० |
| | | | **जम्मा** | **११९** | **१५३८६.१०** | **१३३** | **५५६४.३१** | **७०** | **३१९७.३९** | **२५२** | **२०९५०.४१** | **१** | **५७४१.८९** | **१४६** | **१५३.२२** | **४** | **२१.६३** |

**नोटः १. संख्या, २. क्षेत्रफल (हे)** *२०८३ असार सम्मको विवरण*

## वन क्षेत्रको संख्या र क्षेत्रफल

जिल्लाको कूल क्षेत्रफल २०००६५ हेक्टर मध्ये बर्दिया राष्ट्रिय निकुञ्जको क्षेत्र बाहेक अन्य वन क्षेत्रले ओगटेको ३१७२९ हेक्टर (१०.३३%) जसमा झाडी तथा बुट्यान समेत उल्लेख छ ।

| सि.नं. | वन व्यवस्थापनको नाम | संख्या | क्षेत्रफल (हे.) | लाभान्वित घरधुरी |
|---|---|---|---|---|
| १ | सामुदायिक वन | २५२ | २०९५०.४१ | ५८८५४ |
| २ | धार्मिक वन | ४ | २१.६३ | |
| ३ | वन संरक्षण क्षेत्र | १ | ५७४१.८९ | खाता |
| ४ | निजी वन | १४६ | १५३.२२ | |

# ५.९ डिभिजन वन कार्यालय, रुकुम (पूर्वी भाग)

**पृष्ठभूमि :**




| 15 | Kachi - Middle Ridi Khola | 76.71 | 1 |
| 16 | Kusum - Rangsing Khola Subwatershed | 55.05 | 13 |
| 17 | Lamchi -Lower Khagesi Khola Subwatershed | 67.52 | 4 |
| 18 | Lower Banagnnga Nadi Subwatershed | 34.53 | 22 |
| 19 | Madhur - Rapti Rim Subwatershed | 65.73 | 7 |
| 20 | Mathura - Lower Ridi Khola | 64.92 | 8 |
| 21 | Middle Banagnnga Nadi Subwatershed | 35.95 | 21 |
| 22 | Sanrame-Middle Khagesi Khola Subwatershed | 66.84 | 5 |
| 23 | Sisne - Nangal Khola Subwatershed | 47.54 | 17 |
| 24 | Sota - Chowa Khola Subwatershed | 73.07 | 2 |
| 25 | Upper Banagnnga Nadi Subwatershed | 39.25 | 19 |

## PRIORITY RANKING OF SUB-WATERSHEDS BASED ON SWSPCV GULMI

| SN | Sub-Watershed | SWSPCV | Priority Rank |
|---|---|---|---|
| 1 | Resunga–Gairi Khola | 94.86 | 1 |
| 2 | Dunam Khola | 93.6 | 2 |
| 3 | Golbighat–Dhuseni–Harmichaur Kaligandaki | 83.88 | 3 |
| 4 | Dhap Khola Tai Khola Kaligandaki | 83.36 | 4 |
| 5 | Palun Khola | 83.23 | 5 |
| 6 | Satmure Khola | 83.19 | 6 |
| 7 | Ridi Khola (Sisne Khola) | 80.98 | 7 |
| 8 | Purtighat Kaligandaki | 80.49 | 8 |
| 9 | Ulli Khola | 79.92 | 9 |
| 10 | Middle Badigad | 79.7 | 10 |
| 11 | Upper Badigad | 79.66 | 11 |
| 12 | Lower Badigad | 79.04 | 12 |
| 13 | Lumdi Khola | 78.5 | 13 |
| 14 | Keduwa Khola | 77.65 | 14 |
| 15 | Kharjyan Khola | 76.61 | 15 |
| 16 | Gulandi Khola | 75.46 | 16 |
| 17 | Jumdi Khola | 75.2 | 17 |
| 18 | Hugdi Khola | 74.83 | 18 |
| 19 | Ghaderi Khola | 74.73 | 19 |
| 20 | Nisti Khola | 72.27 | 20 |
| 21 | Daram Khola | 71.62 | 21 |
| 22 | Panagad Khola | 70.51 | 22 |
| 23 | Koya Khola | 69.7 | 23 |
| 24 | Chhaldi Khola | 69.6 | 24 |
| 25 | Gedi Khola | 68.54 | 25 |
| 26 | Bharse Khola | 64.16 | 26 |
| 27 | Darlin Khola | 54.85 | 27 |




Prioritized Sub watershed of Gulmi District



## ६.३ भू तथा जलाधार व्यवस्थापन कार्यालय, दाङ

**पृष्ठभूमि :**




वि.सं. २०३९ सालमा जिल्ला भू संरक्षण कार्यालय, दाङको रुपमा स्थापना भएका कार्यालय देश संघीय संरचनामा प्रवेश गरे संगै लुम्बिनी प्रदेश सरकारको तत्कालिन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहने गरी मिति २०७५/०५/२६ मा भू तथा जलाधार व्यवस्थापन कार्यालय दाङको स्थापना भई कार्यालयको कार्यक्षेत्र अन्तर्गतका जिल्लाहरुमा एकिकृत जलाधार संरक्षण तथा व्यवस्थापनका कार्यक्रमहरु उपलब्ध स्रोत साधन एवं स्वीकृत कार्यक्रम तथा बजेटको आधारमा कार्यक्षेत्र स्थित जलाधार क्षेत्रहरुमा पर्ने प्राथमिकता प्राप्त एवं संवेदनशिल उपजलाधार क्षेत्रहरुमा र भू क्षय, बाढी, पहिरो तथा नदी खोला कटानले प्रभावित क्षेत्रहरुमा मूलतः स्थानीय समुदायहरुको कार्यमूलक सहभागिता र सार्वजनिक प्रतिस्पर्धा मार्फत कार्यक्रमहरु संचालन हुँदै आएका छन् । भू तथा जलाधार व्यवस्थापन कार्यालय, दाङ, जिल्लाको तुलसीपुर उपमहानगरपालिका वडा नं. ६ मा साविकको जिल्ला भू-संरक्षण कार्यालयमा अवस्थित छ ।

**अवस्थिति :**

- कर्मचारी दरवन्दी : १७ कार्यरत कर्मचारी : ९ (२०८३ असार सम्म)

**संगठन संरचना :**




| क.सं. | कार्य क्षेत्र | | कार्यालय रहने जिल्ला |
|---|---|---|---|
| | जलाधार | समेटिएका जिल्लाहरू | |
| १ | बबई-राप्ती जलाधार | दाङ, बाँके र बर्दिया | दाङ, तुलसीपुर |

**कार्यक्षेत्रहरु :**

भू तथा जलाधार व्यवस्थापन कार्यालय, दाङले लुम्बिनी प्रदेश अन्तरगतका तपसिलका ३ वटा जिल्लाहरुमा भू संरक्षण तथा जलाधार व्यवस्थापनका कार्यहरु गर्दै आईरहेको छ ।

**१. दाङ  २. बाँके  ३. बर्दिया**




**जिल्लागत उपजलाधार क्षेत्रको संख्या :**

| सि.नं. | जिल्ला (कार्यक्षेत्र) | उपजलाधार क्षेत्रहरु | संवेदनशिल उपजलाधार |
|---|---|---|---|
| १. | दाङ | १०३ | पदे खोला बोक्सी खोला |
| २. | बाँके | ६१ | डुडुवा खोला |
| ३. | बर्दिया | | |

# SUB-WATERSHED PRIORITIZATION

## DANG DISTRICT

| SWS ID | Sub Watershed | Area (km²) | Rank |
|---|---|---|---|
| 29 | Pede Khola-Boksi Khola | 25.02 | 1 |
| 45 | Ganaha Khola | 36.61 | 2 |
| 98 | Khakrahawa-Khabri-Khabai Khola | 21.46 | 3 |
| 22 | Gahate Khola | 28.41 | 4 |
| 56 | Arjun Khola-Khar Khola | 41.28 | 5 |
| 21 | Patu Khola-Sangli Khola | 33.40 | 6 |
| 99 | Koilabas Khola | 16.03 | 7 |
| 23 | Bhamke Khola | 30.95 | 8 |
| 100 | Boksyari-Pattha Khola | 17.01 | 9 |
| 5 | Katuwa Khola | 45.78 | 10 |
| 77 | Gangate-Pannaha-Haraiya Khola | 22.44 | 11 |
| 58 | Mana Khola | 22.83 | 12 |
| 8 | Sewar Khola | 35.96 | 13 |
| 32 | Chyati Khola | 24.91 | 14 |
| 46 | Ghos Khola | 55.77 | 15 |
| 16 | Guhar Khola | 28.63 | 16 |
| 103 | Arra-Syauli Khola | 11.75 | 17 |
| 54 | Tisuwa Khola | 44.24 | 18 |
| 93 | Barhawa-Hardahi Khola | 18.81 | 19 |
| 89 | Dagmara-Gandhela-Gambhira Khola | 22.92 | 20 |
| 91 | Khanggra Nala-Patharwa-Jhim-reni Khola | 19.96 | 21 |
| 102 | Bhaurisal Khola | 28.66 | 22 |
| 90 | Gauriya-Arbaruwa Khola | 19.70 | 23 |
| 11 | Harpur Khola | 35.35 | 24 |
| 17 | Kala Khola | 36.82 | 25 |
| 92 | Phohari-Amuwa Khola | 16.30 | 26 |
| 94 | Patauli Khola | 15.78 | 27 |
| 63 | Arjun Khola-Sorati Khola | 45.20 | 28 |
| 101 | Ghangrawal-Sukli Khola | 23.25 | 29 |
| 2 | Balim Khola | 18.96 | 30 |
| 95 | Siriya Khola | 13.15 | 31 |
| 96 | Sukli-Ahaliya Khola | 13.26 | 32 |
| 37 | Malai Khola | 48.96 | 33 |
| 4 | Sisne Khola | 35.41 | 34 |
| 47 | Babinipata Khola-Ganaha Khola | 6.42 | 35 |
| 97 | Gurung-Gurkhutta Khola | 12.76 | 36 |
| 64 | Masot Khola | 56.05 | 37 |
| 48 | Rapti-Jhadi Khola-Bagaha Soti | 19.06 | 38 |
| 34 | Twang Khola | 48.78 | 39 |
| 36 | Babai-Bhalu-Dhoti Khahare-Jau-bari Khola | 20.95 | 40 |
| 88 | Sunpathari-Sukaiya Khola | 17.27 | 41 |
| 40 | Tuhi Khola | 25.68 | 42 |
| 35 | Babai-Kalapani-Bhitri Khola | 21.10 | 43 |

| SWS ID | Sub Watershed | Area (km²) | Rank |
|---|---|---|---|
| 51 | Dolai-Bage Khola | 26.03 | 44 |
| 13 | Hapur Khola-Sangram Khola | 26.38 | 45 |
| 50 | Rapti-Bauharwa Khola | 23.78 | 46 |
| 49 | Ransing Khola | 29.99 | 47 |
| 65 | Arjun Khola | 29.76 | 48 |
| 61 | Sikrahawa Khola | 35.45 | 49 |
| 85 | Bhauwa Khola-Mirgiya Khola | 16.57 | 50 |
| 38 | Malai Khola-Chiurepani Khola | 22.25 | 51 |
| 84 | Bhaisahi Khola | 41.22 | 52 |
| 33 | Budune-Ambrai-Rui Khola | 39.45 | 53 |
| 39 | Tui Khola | 46.23 | 54 |
| 83 | Rapti-Phirangi Khola | 33.13 | 55 |
| 74 | Rapti-Bhatarkunda-Baghmare Khola | 31.63 | 56 |
| 82 | Tali Khola | 24.85 | 57 |
| 72 | Mahatiniya Khola | 44.57 | 58 |
| 70 | Kari Sota | 40.84 | 59 |
| 73 | Belaspur Khola | 18.67 | 60 |
| 81 | Rapti-Kuruwa-Sikta Khola | 36.41 | 61 |
| 66 | Kakraha Khola | 36.91 | 62 |
| 1 | Babai-Chepe-Simaltara Khola | 27.58 | 63 |
| 67 | Khabri Khola | 47.37 | 64 |
| 52 | Dolai-Pipari Khola | 25.14 | 65 |
| 87 | Bhaisahi Khola | 18.98 | 66 |
| 80 | Semalsota Khola | 38.60 | 67 |
| 76 | Gangadi Khola | 21.17 | 68 |
| 20 | Babai-Kalang Khola-Duriya Khola | 25.97 | 69 |
| 75 | Rihar Khola | 29.45 | 70 |
| 79 | Rapti-Reu Khola | 21.04 | 71 |
| 69 | Lomarari Khola | 44.89 | 72 |
| 3 | Tulo Sota-Gogali Sota-Dhumle Sota | 25.46 | 73 |
| 28 | Babai-Langgewa-Rawatra Khola | 23.56 | 74 |
| 71 | Karanga-Khairahawa Khola | 45.31 | 75 |
| 26 | Chire Gad | 41.30 | 76 |
| 9 | Janggaha Khola | 47.58 | 77 |
| 44 | Baye Khola | 3.60 | 78 |
| 68 | Gurung Khola | 51.17 | 79 |
| 86 | Manaura Khola | 10.97 | 80 |
| 6 | Babai-Bahurai Sota-Bajhangge Khola | 20.31 | 81 |
| 78 | Baswari Khola | 17.22 | 82 |
| 12 | Patriphanle Khola | 27.34 | 83 |
| 7 | Babai-Bhamki-Bardhane Khola | 41.76 | 84 |
| 25 | Babai-Maya Khola | 28.05 | 85 |
| 60 | Rapti-Supaila Khola | 43.88 | 86 |
| 62 | Rapti-Arnahawa Khola | 42.37 | 87 |

| SWS ID | Sub Watershed | Area (km²) | Rank |
|---|---|---|---|
| 43 | Arun Khola-Daban-Masure Khola | 38.39 | 88 |
| 55 | Syano Khola-Kaudiya Khola | 27.02 | 89 |
| 18 | Guhar Khola-Sakhi Khola | 31.22 | 90 |
| 41 | Arang Khola | 31.53 | 91 |
| 19 | Kwang Khola | 23.31 | 92 |
| 30 | Baula Khola | 22.29 | 93 |
| 42 | Arun Khola-Rupla Khola | 35.50 | 94 |
| 14 | Harpur-Chahuwa Khola | 34.53 | 95 |
| 24 | Patu Khola | 15.06 | 96 |
| 59 | Rapti-Goimaha Khola | 30.76 | 97 |
| 15 | Babai-Odalla Khola | 32.23 | 98 |
| 53 | Syano Khola-Bhulke Khola | 31.99 | 99 |
| 57 | Gidrahawa Khola | 17.27 | 100 |
| 31 | Gurdung Khola | 19.00 | 101 |
| 27 | Barau Khola | 22.19 | 102 |
| 10 | Chaparke Khola-Garchuki Khola-Laraina Sota | 33.84 | 103 |

## SUB-WATERSHED RANKING BANKE DISTRICT

| SWS ID | Sub Watershed | T. Area (km²) | Rank |
|---|---|---|---|
| 28 | Dundawa Nadi | 34.68 | 1 |
| 42 | Duduwa-Badka Dundra-Chadi Bhagara Khola | 25.32 | 2 |
| 11 | Kar Khola | 18.81 | 3 |
| 40 | Ghari Khahare Khola | 22.81 | 4 |
| 41 | Rohini Khola | 29.00 | 5 |
| 9 | Tirau Khola | 14.74 | 6 |
| 8 | Rapti-Ranimute-Palwa-Kurpa Khola | 32.59 | 7 |
| 50 | Maguwa-Basandre Khola | 38.63 | 8 |
| 6 | Rapti-Sukhaniya-Kale-Jhauri Khola | 31.49 | 9 |
| 7 | Bauda Khola | 8.22 | 10 |
| 14 | Moranga-Sunapatri Khola | 32.07 | 11 |
| 46 | Jhijhari-Bagsai Khola | 62.78 | 12 |
| 43 | Dundawa Nadi-Bijuliya Khola | 29.38 | 13 |
| 45 | Jhijhari Khola | 37.53 | 14 |
| 5 | Rapti-Chorghatha-Sipahi-Bas Khola | 26.23 | 15 |
| 39 | Duduwa-Khar-Amarai Khola | 32.11 | 16 |
| 55 | Khairi Khola | 48.93 | 17 |
| 49 | Paruwa-Khairi-Sukahi Khola | 50.48 | 18 |
| 2 | Hadbas-Buka Khola | 23.43 | 19 |
| 44 | Jyamune Nala | 25.70 | 20 |
| 59 | Gabar Khola | 22.53 | 21 |
| 10 | Murkata-Bhauriya-Mirgiriya Khola | 17.60 | 22 |
| 4 | Oj-Tilkanya Khola | 18.06 | 23 |
| 3 | Gothelawa Khola | 12.18 | 24 |
| 61 | Bairiya Khola | 18.48 | 25 |
| 1 | Rapti-Chunaha-Lauki-Khokri Khola | 14.98 | 26 |
| 58 | Lumba Khola | 21.94 | 27 |
| 60 | Khoche Khola | 23.23 | 28 |
| 12 | Jhurarahawa Khola-Gurdangauri Khola | 17.47 | 29 |
| 48 | Paruwa-Tin Nambar Sota | 27.94 | 30 |
| 23 | Ghoiya Khola | 18.41 | 31 |
| 56 | Sukhar Khola | 41.68 | 32 |
| 34 | Man-Chyama Khola | 38.31 | 33 |
| 20 | Dondra Khola | 14.82 | 34 |
| 16 | Moranga-Hardinwa Khola | 30.95 | 35 |
| 15 | Rapti-Ghantahawa Khola | 18.09 | 36 |
| 57 | Jhuri Khola | 25.49 | 37 |
| 47 | Changai Nala | 18.62 | 38 |
| 24 | Bhaisbudwa Khola | 28.34 | 39 |
| 38 | Itahawa Nala-Jethi Khola | 28.63 | 40 |
| 13 | Jhumarhawa-Murgihawa-Jhurarahawa Khola | 40.52 | 41 |
| 21 | Gojarhawa Khola | 47.42 | 42 |
| 35 | Jethi-Jethan Nala | 25.75 | 43 |
| 19 | Saujahawa Khola | 23.17 | 44 |
| 33 | Man Khola-Jethan Nala | 70.46 | 45 |
| 22 | Singahiya-Anbadawa Khola | 30.61 | 46 |
| 26 | Rapti-Madhuniya Sota | 21.85 | 47 |
| 51 | Maguwa Khola | 35.89 | 48 |
| 30 | Dondra Nala | 52.34 | 49 |
| 18 | Kerwaniya Khola | 30.92 | 50 |
| 25 | Rapti-Amrai Khola | 31.53 | 51 |
| 31 | Kiran Nala-Amila Nala-Dondra Nala | 85.49 | 52 |
| 27 | Rapti Nadi I | 50.21 | 53 |
| 29 | Rataihiya-Beha Nala | 43.11 | 54 |
| 17 | Majharetiya-Kalyan Nala | 33.68 | 55 |
| 37 | Kiran Nala-Murgiha Nala | 52.50 | 56 |
| 32 | Man Khola | 17.58 | 57 |
| 36 | Pendari Khola | 39.35 | 58 |
| 53 | Rapti Nadi-Dundra Nala | 21.33 | 59 |
| 52 | Rapti-Aurahawa Khola | 15.58 | 60 |
| 54 | Guruwa Khola | 30.30 | 61 |

# ६.४ भू तथा जलाधार व्यवस्थापन कार्यालय, रोल्पा

**कार्यालयको परिचय तथा पृष्ठभूमिः**



नेपालको विविध भौगोलिक बनोट, भिरालो भू-भाग, अस्थिर भौगर्भिक अवस्था, मनसुनजन्य भारी वर्षा तथा भूकम्पीय संवेदनशीलताका कारण भू-क्षय, बाढी र पहिरोको जोखिम उच्च रहेको छ। साथै अव्यवस्थित भू-उपयोग, वन तथा प्राकृतिक स्रोतको विनाश, अव्यवस्थित विकास निर्माण, जनचेतनाको कमी र जलवायु परिवर्तनका कारण यी समस्या अझ बढ्दै गएका छन्। यसबाट कृषि उत्पादन, पूर्वाधार, जनधन तथा वातावरणमा प्रतिकूल प्रभाव परेको छ।

यस्ता समस्या न्यूनीकरण तथा जलाधार संरक्षणका लागि वि.सं. २०३१ सालमा भू तथा जल संरक्षण विभाग स्थापना भई विभिन्न संरक्षण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन हुँदै आएका छन्। संघीय संरचनापछि लुम्बिनी प्रदेशमा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू स्थापना गरी सेवा प्रवाह हुँदै आएको छ।

लुम्बिनी प्रदेश सरकारको निर्णयअनुसार वि.सं. २०७८/१०/२४ मा रोल्पाको लिवाङमा भू तथा जलाधार व्यवस्थापन कार्यालय स्थापना गरिएको हो। हाल कार्यालय रोल्पा नगरपालिका-२, मूलपानीमा अवस्थित रही जल, जलस्रोत तथा भूमिको संरक्षण, जलाधारको एकीकृत व्यवस्थापन, भू-क्षय तथा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलनसम्बन्धी कार्य गर्दै आएको छ।



लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
भू-तथा जलाधार व्यवस्थापन कार्यालय, रोल्पा
सङ्गठन संरचनाः

भू-संरक्षण अधिकृत/वरिष्ठ भू-संरक्षण अधिकृत, सातौं/आठौं (वन/स्वा. एण्ड वा.क.) - १

योजना तथा अनुगमन शाखा
भू-संरक्षण सहायक/अधिकृत (भू-संरक्षण), पाँचौ/छैटौं (वन/स्वा. एण्ड वा.क.) - २
सब-इन्जिनियर, पाँचौ/छैटौं (सिभिल/ईरि.) - १

कर्मचारी प्रशासन शाखा
वरिष्ठ प्रशासन सहायक/अधिकृत, पाँचौ/छैटौं (प्रशासन/सा.प्र.) - १
ह.स.चा., तहविहीन (प्र./सा.प्रा.) - १
का.स. तहविहीन (प्र./सा.प्रा.) - १

आर्थिक प्रशासन शाखा
लेखापाल/अधिकृत (लेखा), पाँचौ/छैटौं (प्रशासन/लेखा) - १

| क्र.सं. | कार्य क्षेत्र | | कार्यालय रहने जिल्ला |
|---|---|---|---|
| | जलाधार | समेटिएका जिल्लाहरू | |
| १ | | रुकुम (पूर्वी भाग), रोल्पा र प्युठान | रोल्पा |

कृष्ण पौडेल

## कार्यालयको स्वीकृत कर्मचारी दरबन्दी र पदपूर्तिको विवरणः

| क्र.सं. | पद | तह | सेवा/समूह | कूल दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | भू संरक्षण अधिकृत | अधिकृत सातौं/आठौं | वन/स्वायल एण्ड वाटर कन्जरभेसन | १ | १ | | |
| २ | भू-संरक्षण सहायक | सहायक पाचौं/अधिकृत छैंठौं | वन/स्वायल एण्ड वाटर कन्जरभेसन | २ | २ | | |
| ३ | सब-इन्जिनियर | सहायक पाचौं/अधिकृत छैंठौं | इन्जिनियरिङ/सिभिल/इरिगेसन | १ | | १ | परामर्स सेवा बाट |
| ४ | सहायक स्तर | सहायक पाचौं/अधिकृत छैंठौं | प्रशासन/सामान्य प्रशासन | १ | | १ | दोहोरो जिम्मेवारी |
| ५ | सहायक स्तर | सहायक पाचौं/अधिकृतछैंठौं | प्रशासन/लेखा | १ | | १ | दोहोरो जिम्मेवारी |
| ६ | हलुका सवारी चालक | तहविहिन | इन्जिनियरिङ/मेकानिकल | १ | १ | | करार सेवा |
| ७ | कार्यालय सहयोगी | तहविहिन | प्रशासन | १ | १ | | करार सेवा |
| | **जम्मा** | | | **८** | **५** | **३** | |

## कार्यालयको कार्यक्षेत्रः

यस कार्यालयले लुम्बिनी प्रदेशका ३ जिल्ला प्युठान, रोल्पा र रुकुम पश्चिमका २२ स्थानीय तहमा एकीकृत जलाधार व्यवस्थापनका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दछ । जलाधारीय क्षेत्रको रुपमा विशेष गरी उपल्लो राप्ती र सानी भेरी जलाधार क्षेत्र अन्तर्गतका अरंगखोला, झिमरुकखोला, लुंगखोला, माडीखोला, लुंग्रीखोला, उत्तरगंगाखोला, सानीभेरीउप-जलाधार क्षेत्रहरुमा कार्यालयबाट आवश्यक कार्यक्रमहरु कार्यान्वयन हुन्छ।



## PYUTHAN SUB-WATERSHED PRIORITIZATION

| SWNAME | Geomorphometric Rank | Soil Erosion Rank | Landslide Rank | Priority Class |
|---|---|---|---|---|
| Airabati Madi SW | 1 | 3 | 3 | Very High |
| Arun Khola SW | 2 | 13 | 7 | High |
| Bage Khola/Madi SW | 13 | 12 | 1 | High |
| Bhingri Madi SW | 17 | 14 | 8 | Very Low |
| Chakchake Madi SW | 5 | 15 | 10 | Low |
| Chhape Khola SW | 10 | 5 | 9 | High |
| Ganaha Khola SW | 16 | 10 | 2 | Medium |
| Gartang Khola SW | 3 | 7 | 16 | High |
| Ghor Khola SW | 7 | 18 | 19 | Very Low |
| Judun Khola SW | 18 | 6 | 4 | Medium |
| Jumri Khola SW | 12 | 2 | 6 | Very High |
| Lower Jhimruk Khola 1 | 6 | 4 | 5 | Very High |
| Lung Khola SW | 18 | 1 | 11 | Medium |
| Middle Jhimruk Khola 1 | 15 | 8 | 15 | Low |
| Middle Jhimruk Khola 2 | 4 | 11 | 12 | Medium |
| Panichaur-Lower Lungri Khola SW | 11 | 17 | 18 | Very Low |
| Rapti Khola SW | 8 | 16 | 13 | Low |
| Shyaulibang Khola SW | 9 | 19 | 17 | Very Low |
| Upper Jhimruk SW | 14 | 9 | 14 | Low |



Figure 11 Prioritized Sub Watershed Map

## ROLPA SUB-WATERSHED PRIORITIZATION

| Name | Prioritization (CPV) | Priority ranking | Area (Sq.KM) |
|---|---|---|---|
| Upper Madi SW | -307.695984 | 1 | 250.85 |
| Siban Khola SW | -268.2238198 | 2 | 205.99 |
| Chiura Gad SW | -264.4635691 | 3 | 171.29 |
| Middle Madi SW | -218.2933663 | 4 | 122.09 |
| Dhansi Khola SW | -211.2029314 | 5 | 114.22 |
| Kochhap Khola SW | -186.0182248 | 6 | 73.82 |
| Lower Madi SW | -134.8335414 | 7 | 94.64 |
| Phagam Khola SW | -124.3497709 | 8 | 137.95 |
| Ghusban Khola | -122.077065 | 9 | 136.35 |
| Bojyan Khola SW | -107.9898237 | 10 | 85.01 |
| Gaja Khola SW | -93.34795938 | 11 | 65.86 |
| Upper Lungri SW | -89.31355399 | 12 | 77.24 |
| Judun Khola SW | -85.47142139 | 13 | 58.65 |
| Lower Lungri SW | -71.44534534 | 14 | 37.79 |
| Gam Khola SW | -65.98998638 | 15 | 32.01 |
| Ghor Khola SW | -64.16343817 | 16 | 22.3 |
| Uper Gwar Khola SW | -34.1400934 | 17 | 80.44 |
| Aran Khola SW | -30.58332181 | 18 | 51.75 |
| Thabang Khola SW | -27.99981015 | 19 | 48.84 |
| Sewar Khola SW | -22.10593766 | 20 | 1.33 |
| Hattisar Khola SW | -15.08927007 | 21 | 13.56 |
| Luhan Khola SW | -11.82967633 | 22 | 1.05 |

### भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तरगतका मुख्य कार्यक्रमहरु :

१. भू-उपयोग विकास योजना तर्जुमा (Land Use Development Planning)

२. प्राकृतिक प्रकोप रोकथाम (Natural Hazard Prevention)

३. विकासका पूर्वाधार संरक्षण एवं विकास (Infrastructure Protection and Development)

४. भूमी उत्पादकत्व संरक्षण (Land Productivity Conservation)

५. सामुदायिक भू-संरक्षण कार्यक्रम (Community Soil Conservation Programme)

६. समूह परिचालन तथा सशक्तिकरण (Group mobilization and Empowerment)

# परिच्छेद ७

# लुम्बिनी प्रदेशमा संचालित वन सम्बर्द्धन प्रणालीको सफलताका कथाहरु

## ७.१ खोटेसल्लाको वनमा सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन, रोल्पा जिल्लाको अनुभव

*यज्ञमूर्ति खनाल, डिभिजनल वन अधिकृत*

रोल्पा जिल्ला लुम्बिनी प्रदेशको एक पहाडी जिल्ला हो । यस जिल्लाको कूल क्षेत्रफल १८८४ वर्ग कि.मी. रहेको छ, जसको ५२.८३ प्रतिशत भू भाग वन क्षेत्रले ढाकेको छ । यस जिल्लाको वन क्षेत्रमध्ये करिब आधा वन क्षेत्रमा खोटे सल्लाको वन रहेको पाइन्छ । यस जिल्लामा हाल ५८८ वटा सामुदायिक वन उपभोक्ता समूहले वन व्यवस्थापन गरिरहेको पाइन्छ । यस जिल्लाका सामुदायिक वन उपभोक्ता समूहहरूको प्रमुख आम्दानीको स्रोत भनेको खोटेसल्लाको वनबाट खोटो संकलन तथा बिक्री नै रहेको छ । यस जिल्लामा हाल विभिन्न ६ वटा खोटो प्रशोधन गर्ने उद्योगहरूले प्रचलित कानुन बमोजिम विभिन्न १४० वटा सामुदायिक वन उपभोक्ता समूहहरूसँग सम्झौता गरी खोटो संकलन तथा निकासी गर्ने गरेको पाइन्छ । यस जिल्लामा विगत पाँच वर्षमा सामुदायिक वनहरूबाट काठ दाउराको उत्पादन नगन्य रूपमा रहेको देखिन्छ ।

वन ऐन, २०७६ र वन नियमावली, २०७९ तथा लुम्बिनी प्रदेशको वन ऐन, २०७८ र प्रदेश वन नियमावली, २०७९ मा स्पष्ट रूपमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन गर्नुपर्ने विषय उल्लेख भए अनुसार लुम्बिनी प्रदेश सरकारले वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड, २०७९ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको पाइन्छ । रोल्पा जिल्लाको रून्टिगढी गाउँपालिकामा अवस्थित चिन्नेथान रावन सामुदायिक वन उपभोक्ता समूह, हरियाली सामुदायिक वन उपभोक्ता समूह र त्रिवेणी गाउँपालिकामा अवस्थित लामपुतली सामुदायिक वन उपभोक्ता समूहले आ.व. २०८२/८३ मा स्विकृत मापदण्ड बमोजिम वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन गर्न इच्छुक भै समूहको साधारण सभाबाट निर्णय गरी वन व्यवस्थापन योजना तयारी गर्न र सो को लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन डिभिजन वन कार्यालय रोल्पामा अनुरोध गरेका थिए । सोही बमोजिम डिभिजन वन कार्यालय रोल्पाको आ.व. २०८२।८३ को स्विकृत वार्षिक कार्यक्रमको अधिनमा रही उपलब्ध गराइएको आर्थिक तथा प्राविधिक सहयोगमा समूहले आफ्नो माग र चाहना बमोजिमको वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन योजना तयार गरी समूहको साधारण सभाबाट पारित गरी डिभिजन वन कार्यालय रोल्पामा स्विकृतिका लागि पेश गरेकोमा डिभिजन वन कार्यालयबाट उक्त कार्ययोजना स्विकृत भएको थियो ।

स्विकृत कार्ययोजनामध्ये, चिन्नेथान रावन सामुदायिक वन उपभोक्ता समूह, रून्टीगढी ४ ले आ.व. २०८२/८३ देखी नै स्वीकृत कार्ययोजनाको कार्यान्वयन शुरू गरेको छ । स्विकृत कार्ययोजना बमोजिम उक्त सामुदायिक वनको कूल क्षेत्रफल १८०.१३ हे. रहेको छ। मुख्यतयाः खोटेसल्ला प्रजाति रहेको यस वनमा पाटुले



सल्ला, गुराँस, काफल लगायतका अन्य प्रजातिहरू समेत रहेको पाइन्छ। उक्त समूहको वन व्यवस्थापन कार्ययोजनाको उद्देश्य वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन गरी वनको हैसियतमा सुधार ल्याई वन पैदावार (काठ, दाउरा, खोटो) को सतत आपूर्ति गर्ने, स्थानीय रोजगारी सृजना गर्ने र वातावरणीय लाभ प्राप्त गर्ने रहेको देखिन्छ । वन सम्बर्द्धन प्रणालीको रूपमा वन व्यवस्थापनको लागि अनियमित छत्र प्रणाली (Irregular Shelterwood System) अपनाई वन व्यवस्थापन गर्ने विषय कार्ययोजनामा उल्लेख छ । सोही अनुसार यस सामुदायिक वन क्षेत्रलाई दुईवटा कम्पार्टमेन्टमा विभाजन गरेको देखिन्छ । कम्पार्टमेन्ट नं. १ कम भिरालो तथा उत्पादनशील क्षेत्रको रूपमा रहेको छ जसको क्षेत्रफल १२०.७६ हे. रहेको छ भने कम्पार्टमेन्ट नं. २ बढी भिरालो र खाली क्षेत्रको रूपमा रहेको छ, जसको क्षेत्रफल ५९.३७ हे. रहेको छ । स्विकृत कार्ययोजनामा कम्पार्टमेन्ट २ मा वृक्षरोपण तथा संरक्षणमुखी कृयाकलापहरू सञ्चालन गर्ने व्यवस्था छ ।

कम्पार्टमेन्ट १ लाई विभिन्न ६ वटा आवधिक खण्ड (सव कम्पार्टमेन्ट)मा विभाजन गरी खोटेसल्लाको वनको वाली चक्र अवधी (रोटेसन पिरियड) ६० वर्ष कायम गरि व्यवस्थापन गर्ने लक्ष्य लिइएको छ । खोटेसल्लाको वनमा १० वर्षको पुनरोत्पादन अवधी कायम गरी प्रत्येक आवधिक खण्ड (सव कम्पार्टमेन्ट) मा १० वर्षसम्म पुनरोत्पादन कटान तथा पुनरोत्पादन अभिवृद्धिका कृयाकलापहरू कार्यान्वयन गर्ने व्यवस्था कार्ययोजनामा उल्लेख छ । सोहि अनुसार पहिलो १० वर्षको अवधिमा २०.६३ हे. क्षेत्रफल रहेको सव कम्पार्टमेन्ट नं. ३ (C1S3) मा पुनरोत्पादन कटान र पुनरोत्पादन अभिवृद्धिको कार्य हुने उल्लेख छ । उक्त सव कम्पार्टमेन्टमा रहेका १६५९ रूखहरू मध्ये २८ वटा संरक्षित रूख, २९४ वटा माउरूख कायम गरी बाँकी रूखहरूमध्ये वार्षिक १३३ वटा  रूखहरू पुनरोत्पादन कटानका क्रममा संकलन गर्ने व्यवस्था भएको देखिन्छ। सोही अनुसार आ.व. २०८२।८३ मा १३३ वटा रूखहरू संकलन गर्दा ४८३६.९८ घ.फि. काठ र ३.५ चट्टा दाउरा उत्पादन भएको देखिन्छ । उत्पादित काठ दाउरा समूह बाहिर लिलाम बिक्री गर्दा समूहले रू. ११,३२,११८। (संकलन खर्च समेत) र प्रदेश सरकारले रू. २१२,२०२। सेवा शुल्क प्राप्त गर्ने देखिन्छ ।

पुनरोत्पादन कटानको लागि रूख छपान, माउ रूखमा सेतो घेरा (रिङ पेन्ट) लगाउने, काठ दाउरा कटान, मुछान तथा घाटगद्दि गर्ने क्रममा स्थानीय उपभोक्ताले  ५४७ श्रमदिन बराबरको स्थानीय रोजगारी प्राप्त गरेको देखिन्छ । यसैगरी पुनरोत्पादन कटान भएको क्षेत्रमा कटान अवशेष हटाउने, पुनरोत्पादन



अभिवृद्धिको लागि सल्लेपिर संकलन गर्ने, अनावश्यक झाडी बुट्यान सफाई गर्ने, पुनरोत्पादन संरक्षणका लागि तारवार लगायतका कृयाकलापहरू कार्यान्वयन गर्दा थप ५२६ श्रमदिन बराबरको रोजगारी सिर्जना भएको देखिन्छ । समूहले कार्ययोजना तयारी, रूख छपान तथा माउ रूखमा रिङ पेन्ट गर्ने, काठ दाउरा कटान मुछान र घाटगद्दी, कटान अवशेष हटाउने तथा झाडी सफाई कार्य, पुनरोत्पादन संरक्षणको लागि तारवार लगायतको कार्य गर्दा करिब रू. १०,९९,००० खर्च भएको देखिन्छ । आ.व. २०८२/८३ मा डिभिजन वन कार्यालय रोल्पाले सामुदायिक वन उपभोक्ता समूहको कार्ययोजना तयारी तथा कार्यान्वयनमा रू. ३,९७,५६४/- बराबरको सहयोग गरेको छ भने बाँकी खर्च समूहले जनश्रमदान तथा समूहको आन्तरिक स्रोतबाट व्यहोरेको पाइन्छ ।

विगतमा सामुदायिक वन उपभोक्ता समूहले वन व्यवस्थापनका कृयाकलापहरू कार्यान्वयन नगर्ने र वन क्षेत्रबाट खोटो संकलन मात्र भैरहँदा लामो समय देखी खोटो संकलन भैराखेका रूखहरूमा खोटो संकलनका लागि थप घाउँ (ब्लेज) बनाउने ठाउँहरू समेत नहुने अवस्था सिर्जना भएकामा वन सम्बर्द्धन प्रणाली मार्फत व्यवस्थापन गर्दा त्यस्ता रूखहरू वन क्षेत्रबाट संकलन भई वन क्षेत्रमा छत्र खुला हुने जसको कारणबाट अन्य साना लाथ्रा पोलहरूले प्रकाश प्राप्त गरी छिटो हुर्कने अवसर पाउने देखिन्छ । साथै खाली क्षेत्रहरूमा छत्र खुला हुँदा प्राकृतिक पुनरोत्पादन अभिवृद्धि मार्फत नयाँ विरूवाहरूको संख्यामा बढोत्तरी हुने हुर्कने अवसर प्राप्त हुने देखिन्छ। यसका साथै वन क्षेत्रमा रूख विरूवा हुर्काउने कृयाकलापहरू मार्फत लाथ्रा पोलहरूलाई पत्ल्याउने, झाडी सफाई र सुधार कटान मार्फत रूख विरूवाहरूको छिटो वृद्धि तथा विकास भै भावि पुस्ताको लागि नयाँ वन वन्ने, रूख विरूवा हुर्कने तथा यस मार्फत वन क्षेत्र खोटो संकलन योग्य नयाँ रूखहरू सहितको वनको रूपमा परिणत हुने समेत देखिन्छ । यसरी वन क्षेत्रमबाट सततः रूपमा वन पैदावर (काठ, दाउरा, खोटो, लगायत) उत्पादन भै सो को बिक्री वितरण मार्फत समूहले उपभोक्ताको माग र चाहना परिपूर्ति गर्नुका साथै थप आयआर्जन तथा स्थानीय रोजगारी समेत प्राप्त गर्न सक्ने देखिन्छ । प्राप्त आम्दानीबाट उपभोक्ता समूहले वनको प्रभावकारी संरक्षण गर्न, वन विकास तथा व्यवस्थापनका कृयाकलापहरू सञ्चालन गर्न, उपभोक्ताको माग बमोजिम सतत् रूपमा वन पैदावर आपूर्ति गर्न, समूहको कोष परिचालन मार्फत सामुदायिक तथा सामाजिक विकास एवं गरिवी न्यूनीकरणमा टेवा पुग्ने देखिन्छ ।

## ७.२ वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनको सरकारद्धारा व्यवस्थित चक्ला वन मार्फत सफल अभ्यासः शम्शेरगञ्ज माथेबास सरकारद्धारा व्यवस्थित-चक्ला वनको सफलताको कथा

*सि.डि.व.अ. शंकर प्रसाद गुप्ता, वरिष्ठ वन अधिकृत सुशिल सुबेदी, डि.व.का., बाँके*

नेपालको वन व्यवस्थापनलाई परम्परागत संरक्षणबाट माथि उठाएर वैज्ञानिक र व्यावसायिक दिशामा अघि बढाउने सवालमा लुम्बिनी प्रदेशको बाँके जिल्लाले एक ऐतिहासिक कोसेढुङ्गा पार गरेको छ। डिभिजन वन कार्यालय बाँकेको प्रत्यक्ष रेखदेखमा राप्तीसोनारी गाउँपालिका (वडा नं. २ र ८) मा सञ्चालित "शम्शेरगञ्ज माथेबास सरकारद्वारा व्यवस्थित चक्ला वन" यतिबेला दिगो वन व्यवस्थापन, आर्थिक समृद्धि र जैविक विविधता संरक्षणको एक उदाहरणीय सफलताको कथा बनेको छ।



### पृष्ठभूमि र व्यवस्थापनको सुरुवात

समुदायको पहुँचभन्दा टाढा रहेको र तुलनात्मक रूपमा ठूलो क्षेत्रफल भएको यस राष्ट्रिय वनलाई सरकार आफैंले व्यवस्थापन गर्ने उद्देश्यले चक्ला वनको अवधारणा अघि सारिएको थियो। कूल २,५७८ हेक्टर क्षेत्रफल (जसमध्ये २,२६८ हेक्टर उत्पादनशील) मा फैलिएको यस वनको दिगो वन व्यवस्थापन आर्थिक वर्ष २०७३/७४ देखि सुरु भई २०८२/८३ सम्मको कार्ययोजना तयार गरी अघि बढाइएको हो।

**आर्थिक समृद्धि र स्थानीय रोजगारीमा छलाङः** वन संरक्षण मात्र होइन, यसले राष्ट्रिय अर्थतन्त्र र स्थानीय जीविकोपार्जनमा पनि ठूलो क्रान्ति ल्याएको छ।

| क्र.सं. | आ.व. | उत्पादित काठ (क्यु.फिट) | दाउरा (चट्टा) | राजस्व रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७४/७५ | ४६३३५.० | १६५.० | ३८,३६५,३८० | भ्याट, आ.आ.कर र संकलन खर्च बाहेक |
| २ | २०७५/७६ | ५८०१२.० | १८९.० | ४०,२११,७७६ | भ्याट, आ.आ.कर र संकलन खर्च बाहेक |
| ३ | २०७६/७७ | ५३५०५.० | २२७.० | ३६,०२१,३१२ | भ्याट, आ.आ.कर र संकलन खर्च बाहेक |
| ४ | २०७९/८० | ३६११९.० | ११६.८ | ४१,०१०,७७२ | भ्याट, आ.आ.कर र संकलन खर्च बाहेक |
| ५ | २०८०/८१ | ३९३३५.५ | १६५.५ | ३५,३३८,८७० | भ्याट, आ.आ.कर र संकलन खर्च बाहेक |
| ६ | २०८१/८२ | ७६५६६.० | २८६.८ | ६३,४३५,६४६ | भ्याट, आ.आ.कर र संकलन खर्च बाहेक |
| ७ | २०८२/८३ | १०५१०.२५ | १६३.५८ | ६०,५४७,५७१ | अनुमानित |
| कुल जम्मा | | ४२१३१३.७ | १३९२.६ | ३३०८२५२२६.९ | |

- आर्थिक वर्ष २०७४/७५ देखि २०८२/८३ सम्मको अवधिमा यस वनबाट ४,२१,३१३.७४ क्युबिक फिट काठ र १,३९२.६३ चट्टा दाउरा उत्पादन भएको छ।
- काठ र दाउराको बिक्रीबाट भ्याट र आयकर बाहेक नै रु. ३३,०८,२५,२२७ (तेत्तिस करोडभन्दा बढी) राजस्व संकलन भएको छ।

- समग्र लुम्बिनी प्रदेशको वन क्षेत्रबाट उठ्ने राजस्वमा यस चक्ला वनको ५.१५% योगदान रहेको छ । हाल लुम्बिनी प्रदेश सरकारको ०.५५ प्रतिशत क्षेत्रफल मात्र चक्ला वनले ओगटेको छ जुन क्षेत्रफलको अनुपातमा १० गुणा बढी राजस्व संकलन हो ।
- योजना अवधिभर वन संरक्षण, कटान, नर्सरी व्यवस्थापन लगायतका कामबाट ४,९६,१२९ श्रमदिन बराबरको स्थानीय रोजगारी सिर्जना भएको छ।

**वनको स्वास्थ्य र पुनरुत्पादनमा चमत्कारिक सुधारः** वन सम्बर्द्धन प्रणाली (Silviculture System) मा आधारित व्यवस्थापन लागु हुनुपूर्व र पहिलो १० वर्षपछिको अवस्था तुलना गर्दा वनको स्वास्थ्यमा चमत्कारिक सुधार देखिएको छ।

- **विरुवामा वृद्धिः** वनमा प्रति हेक्टर विरुवाको संख्या ७,६९९ बाट बढेर ९,६०१ पुगेको छ, जुन २४.७०% को वृद्धि हो।
- **लाथ्रामा वृद्धिः** प्रति हेक्टर लाथ्राको संख्या १,८७० बाट बढेर ३,३४८ पुगेको छ, जसमा ७९.०३% को उच्च वृद्धि देखिएको छ।




- **उत्पादनशील संचितिः** वनको उत्पादनशील संचिति प्रति हेक्टर १६५.१४ घन मिटरबाट बढेर १७७.१५ घन मिटर (७.२६% वृद्धि) पुगेको छ।



**जैविक विविधता र वन्यजन्तु संरक्षणको नमुना अभ्यास** आर्थिक उपार्जनसँगै डिभिजन वन कार्यालयले जैविक विविधता संरक्षणमा चालेका कदमहरू निकै प्रशंसनीय छन्।

- लोपोन्मुख अवस्थामा रहेको "सतिसाल" संरक्षणका लागि ११.९२ हेक्टरको छुट्टै प्लट तयार गरी ८ वटा माउँरुखबाट ४,४०० विरुवा उत्पादन र हुर्काउने काम भइरहेको छ।
- पाटेबाघ, हात्ती, चौका, चित्तल जस्ता वन्यजन्तुको बासस्थान सुधार गर्न वनका ७ वटै कम्पार्टमेन्टमा पानीका पोखरी निर्माण गरिएका छन्।
- कम्पार्टमेन्ट नं. २ मा सोलार जडित पानी बोरिङको व्यवस्थापन मिलाइएको छ।
- नियमित गस्ती र अग्नीरेखाको मर्मत सम्भारका कारण स्थापनाकालदेखि नै पुनरुत्पादन कटान क्षेत्रमा आगलागी नभएको (शून्य डढेलो) रेकर्ड छ।

## निष्कर्ष र भावी बाटो

डि.व.का. बाँकेले गरेको एक विश्लेषण अनुसार, व्यवस्थापन अघि २.६५ रहेको लाभ-लागत अनुपात कार्यान्वयन पश्चात बढेर ६.६१ पुगेको छ, जसले यो परियोजनाको प्राविधिक तथा आर्थिक सफलता प्रमाणित गर्छ। तर, बजेटको अपर्याप्तता, आधुनिक वन मापन उपकरण र गस्तीका साधनको कमी जस्ता चुनौतीहरू अझै बाँकी छन्।

यस सफलतालाई संस्थागत गर्दै चक्ला वन व्यवस्थापनलाई लुम्बिनी प्रदेश सरकारले बहुवर्षीय गौरवको आयोजनाको रुपमा अघि बढाउनु पर्ने आवश्यकता देखिन्छ। शम्शेरगञ्ज माथेबास वनको यो सफलताले नेपालका अन्य प्रयोगविहीन र ठूला वन क्षेत्रलाई व्यवसायिक चक्ला वनको रुपमा रूपान्तरण गर्न स्पष्ट मार्गदर्शन गरेको छ।

## ७.३ वन पेशाकर्मी ! एक श्रमिकलाई वन पेशाले दिएको खुसी !

*लीलाराज पौडेल, लैङ्गिक तथा सामाजिक सुरक्षा विज्ञ*



बुद्धि वहादुर लिम्बु ! एक नव जवान ठिटो। धनकुटा जिल्ला, चौविसे गाउँपालिका वडा नं ६ राजारानीमा जन्म भै माध्यमिक तह सम्मको शिक्षा त जेनतेन प्राप्त गर्यो, तर घरको आर्थिक अवस्थाले गर्दा उच्च शिक्षा हाँसिल गर्न उनलाई सहज भएन। घरको आर्थिक अवस्थाको कारण उनी अब रोजगारीको अवसरको खोजिमा रहन थाले। स्वदेशमा रोजगारीको अवसर नदेखे पछि परिवारीक सल्लाहमा उनी विदेश जाने निधो गरे। विदेश जानको लागि आवश्यक पर्ने सबै कागज पत्रहरु बनाएर विदेश जाने समयको पर्खाईमा बसेका थिए।

त्यही समयमा, धनकुटा जिल्ला अन्तरगत नीजी आवादीमा रहेका उत्तिस प्रजातिका रुखहरु ढाल्ने, गोलिया बनाउने र गोलिया काठ ढुवानी गरी सडक छेउमा जम्मा पारि राख्ने र पछि ढुवानी गरि भेनियर उद्योगमा लैजाने जस्ता काम गर्न ठेकेदार सहित केही श्रमिकहरु राजारानी गाउँमा आए। ती श्रमिकहरु प्रायजसो तराई मुलका थिए। यो काम गर्न पाईने, नपाईने बिषयमा बुद्धि बहादुरले एक जना श्रमिकसँग सोधे। यदी चाहेको खण्डमा यो काम गर्न पाईने कुरा बुद्धि बहादुरले थाहा पाए। बुद्धि बहादुरले भिसा नआउने समय सम्मको लागि यो काम गर्ने निधो गरे। गाउँका साथी भाईहरुलाई यो कुरा सुनाए। गाउँमा बसेर यस्तो बढी श्रम गर्नु पर्ने दःखी पेशा अगाल्दा सामाजिक प्रतिष्ठामा आँच आउछ, ईज्जत जान्छ भन्दै सबै साथीहरुले काम गर्न ईन्कार गरे। बुद्धि बहादुर पनि यो काम नगर्ने मनसायले पछि हटे। तर मेशिन (Chain Saw) को प्रयोग गरि रुख ढाल्ने र गोलिया बनाउने काम पहिलो पटक देखेको हुँदा बुद्धि बहादुर काम कसरी गर्दा रहेछन् ? रुख ढाल्ने कार्य कति सजिलो वा अप्ठ्यारो के छ ? बढी जोखिम कहाँ छ ? भनी बुझ्न र हेर्नको लागि उनी रुख कटान स्थलमा दैनिक जसो जान थाले। रुख ढाल्ने मेशिन (Chain Saw) को बारेमा उनले धेरै जानकारी लिए। मेशिन स्टार्ट गर्न र बन्द गर्न जाने। पार्ट पूर्जाको बिषयमा पनि आधारभूत जानकारी लिए। अब बुद्धि बहादुरलाई आँफैले रुख ढाल्ने ईच्छा जाग्यो। ठेकेदारबाट रुख ढाल्ने अनुमति लिए र रुख पनि ढाले। मेशिनद्धारा रुख ढाल्न पाउँदा खुशिलाग्यो उनलाई। काम सजिलै लाग्यो। कुनै कठिनाई महशुस भएन र खास अप्ठ्यारो पनि लागेन। यतिकैमा उनी लागयत उनका गाउँले साथीहरुको मलेशियाको लागि भिसा लाग्यो। सबै खुशी भए। रोजगारीका लागि साथीहरु सबै एकसाथ मलेशिया गए। संझोग पनि कति अचम्मको!! मलेशियामा उनीहरुले रुख ढाल्ने अनी काठका मुढा ओसार्ने काम नै पाए। सबैजना दङ्गपरे। स्थानीय घर गाउँ नजिकको सन्दर्भमा मात्र काम ठूलो र सानो लाग्दो रहेछ। अनी मान, प्रतिष्ठा, ईज्जतको डर पनि गाउँ घरमा मात्र हुँदो रहेछ ! यहाँ विदेशमा त के छ र देख्ने कोही छैन, भन्दै सबै जना एक साथ काठका मुढा पल्टाउने जोखिमयुक्त काममा जुटे। तत्कालिन परिस्थितीमा उनीहरुको लागि यसको कुनै विकल्प पनि थिएन।

बुद्धि बहादुरको मनमा लाग्न थाल्यो की यो काम त धनकुटा मै पनि पाईएको थियो। यती टाढा आएर, यत्रो लगानी लगाएर ! अर्काको मूलुकमा ! न हावा पानी मिल्दछ, न भाषा न भेष भूषा ! सामाजिक प्रतिष्ठा, मान सम्मानको खातिर यती ठूलो सेक्रिफाईस गरियो !! गाउँघरको काम लात मारेर विदेशमा आईयो। अब विदेश आईत हालियो, काम गर्नु पर्दछ भनी करीब



दुई बर्ष मलेशियामा वन श्रमिकको रुपमा काम गरी साथिहरुसँगै स्वदेश फर्किए बुद्धि बहादुरको मलेशियामा सोचे अनुसार कमाई हुन सकेन। बल्ल तल्ल विदेश जाँदाको श्रृण चुक्ता गर्न त सके तर बचत खासै गर्न सकेनन्।

करीब दुई बर्ष विदेशमा काम गरि बुद्धि बहादुर स्वदेश फर्किए। घर गाउँमा रुख कटान गर्ने काममा नै लाग्ने उनले अठोट गरे।तत्कालिन समयमा नेपालमा खासगरी काठ तथा वन पैदावारको उत्पादनको ठूलो अंश निजी आवादिमा रहेका रुखहरुबाट भई रहेकोमा वनको दिगो व्यवस्थापन हेतु वन सम्बन्धी मौजुदा नीतिमा ठूलो परिवर्तन भएको महशुस गरेको कुरा छलफलको क्रममा उनले सुनाए। निजी आवादीमा रहेका रुख कटान गरि सिमित परिमाणमा काठ उत्पादन र बिक्रि वितरण भईरहेको अवस्थामा खासगरि लुम्बिनी प्रदेश सरकारले वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन पद्धतिको अवलम्बन गर्ने अठोटका साथ नीतिगत निर्णय गरे पश्चात समुदायमा आधारित वन समूहहरुले दिगो वन व्यवस्थापनका क्रियाकलापहरु कार्यान्वयन गरिरहेको र यो कार्यमा डिभिजन वन कार्यालय मार्फत समृद्धिका लागी वन परियोजनाले प्राविधिक एवम् आर्थिक सहयोग पुर्याई रहेको रहेछ जुन अत्यन्त प्रशंसनिय कुरा हो उनले थपे। फलस्वरुप प्रदेश अन्तर्गत हाल सम्म करीब ५५० समुदायमा आधारित वन समूहहरुको सानो क्षेत्रफलमा सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन संग सम्बन्धित क्रियाकलापहरुको कार्यान्वयन भै रहेको छ र वन क्षेत्रबाट देशमा रोजगारीको सृजना, वनको हैसियतमा सुधार, वनको उत्पादकत्व र वन पैदावारको उत्पादन तथा राजश्व संकलनमा बृद्धि एवम् काठको आयात प्रतिस्थापन गर्न मद्धत पेगेको कुरालाई एउटा सकारात्मक उपलब्धी हो भन्ने कुरा बुद्धि बहादुर लिम्बुजी को ठम्याई छ।



सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन अन्तर्गत पुनरुत्पादन कटान लगायतका वन व्यवस्थापन कार्यमा वन श्रमिकको रुपमा लुम्बिनी प्रदेश अन्तर्गतका विभिन्न जिल्लाहरुमा रुख कटान मुछान घाटगद्धी जस्ता कार्यमा बुद्धि वहादुर लिम्बु लगायत उनको टिम खटिएका छन।रुख कटान मुछान ढुवानी एवम घाटगद्धि व्यवस्थापन जस्ता कार्य गर्नको लागि आवश्यक शीप दक्षता र अनुभव भएकै कारण उनी लगायतको टिमले कोशी प्रदेश देखि लुम्बिनी प्रदेशमा आएर वन समूहहरुलाई सेवा दिई रहेका छन।यसरी वन व्यवस्थापनको कार्यमा संलग्न वन पेशाकर्मीको हिसावले उनको कमाई विदेशमा भन्दा उच्च रहेको र यस पेशावाट आफूले बाल बच्चा एवम् परिवारको शिक्षा दिक्षा एवम् स्वास्थ्यमा लगानीको अतिरिक्त सुनसरी जिल्ला धरान उपमहानगरपालिकामा घर घडेरी जोडेको कुरा वताउदै वन पेशा जोखिम पूर्ण भए पनि आँफूहरु सन्तुष्ट रहेको र यसले परिवारमा खुशी ल्याएको उनी वताउछन् र अन्य प्रदेश सरकारहरुले पनि सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनको नीति लागु गर्न अनुरोध गर्दै वन पेशाकर्मी एउटा युवाले अंगालेको यस पेशाबाट प्राप्त यो सफलता मेरो लागि ठूलो उपलब्धी हो।यो उनको ब्यक्तिगत संघर्षको कहानी पनि हो र यो रोजगारीका लागि श्रमिकको रुपमा विदेशीन लागेका सबै नेपाली यूवाहरुका लागि प्रेरणादायी स्रोत बन्नेछ ।

## अनुसुची १ : वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश मातहत रहेका कार्यालय, प्रमुख, सूचना अधिकारीको विवरण

| क. स. | कार्यालयको नाम र ठेगाना | कार्यालय प्रमुखको नाम | सम्पर्क मोवाइल नं. | कार्यालयको फोन नं | सुचना अधिकारीको नाम | सम्पर्क मोवाइल नं. | कार्यालयको इमेल ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | वन तथा वातावरण मन्त्रालय, लुम्विनी प्रदेश,देउखुरी | प्रमोद भट्टराई | ९८५७०७५६६६ | ०८२-५९०४९२ | विरेन्द्र कुमार रोका | ९७६४३४५६१२ | mofesc.lumbini@gmail.com |
| २ | वन निर्देशनालय, बुटवल, रुपन्देही | ईश्वरी प्रसाद पौडेल | ९८५७०१७४१० | ०७१-५७२९६८ | डिलाराम पौडेल | ९८५७०११९६८ | forestdirectorate5@gmail.com |
| ३ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवल | दयाराम पौडेल | ९८५७०७५०९८ | ०७१-४३७१४० | द्रोणराज शर्मा | ९८४८०२३६८८ | frtcbutwalp5@gmail.com |
| ४ | डिभिजन वन कार्यालय,नवलपरासी वर्दघाट सुस्ता पश्चिम | राजु क्षेत्री | ९८५७०४५६३६ | ०७८-५२०८५५ | मोसाफिर भगत | ९८५५०४०८४९ | parasidfo@gmail.com |
| ५ | डिभिजन वन कार्यालय, रुपन्देही | प्रविण विडारी | ९८५७०१५१०९ | ०७१-५२०२२२ | सुजन धिमाल | ९८६३८९११०० | dforupandehi@gmail.com |
| ६ | डिभिजन वन कार्यालय, कपिलवस्तु(कपिलवस्तु) | प्रभात सापकोटा | ९८५७०५४३१७ | ०७६-५६००१४ | यादव प्रसाद सापकोटा | ९८६६७१५५५४ | dfokapilvastu@gmail.com |
| ७ | डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमवुद्ध) | महेन्द्रराज वाग्ले | ९८४५२१८८६६ | ०७६-५४०११४ | प्रदिप कुमार चौधरी | ९८४५१२३५६७ | dfogautambuddha@gmail.com |
| ८ | डिभिजन वन कार्यालय, दाङ्ग(देउखुरी),लमही | गणेश खड्का | ९८५७८४१५१४ | ०८२-५४०८९० | दिपक थारु दहित | ९८६८११७२९८ | dfodeukhuri@gmail.com |
| ९ | डिभिजन वन कार्यालय, दाङ्ग (दाङ्ग) | बेसिन्द्र राज सुवेदी | ९८५७८३२५१४ | ०८२-५६००१४ | भक्त बहादुर चौधरी | ९८५७८३२५१४ | dfodangghorahi@gmail.com |
| १० | डिभिजन वन कार्यालय, वाँके | शंकर प्रसाद गुप्ता | ९८५८०२७३२९ | ०८१-५२०२३० | टंक बहादुर गुरुङ | ९८५८०२८२७७ | bankedfo123@gmail.com |
| ११ | डिभिजन वन कार्यालय, वर्दिया | विजयराज सुवेदी | ९८५८०२६६७७ | ०८४-४२०१५६ | शिव बहादुर के.सी. | ९८५७०७४५६७ | dfobardiya@gmail.com |
| १२ | डिभिजन वन कार्यालय, रुकुम (पूर्वी भाग) रुकुमकोट | बावुराम पोखरेल | ९८५७८२००१८ | ०८८-४१३११५ | विवेक घिमिरे | ९८५११५९६०७ | dforukumpurba@gmail.com |
| १३ | डिभिजन वन कार्यालय, रोल्पा | यज्ञमूर्ति खनाल | ९८५७८२४११२ | ०८६-४४०११२ | टेकन प्रसाद आचार्य | ९८५७८७७०१८ | dforolpa12@gmail.com |
| १४ | डिभिजन वन कार्यालय, प्यूठान खलंगा | धनिश्वर न्यौपाने | ९८५७८३१८४४ | ०८६-४२०००७ | गोकुल पौडेल | ९८५७८६८०१७ | dfopyuthan2075@gmail.com |
| १५ | डिभिजन वन कार्यालय, अर्घाखाँची सन्धिखर्क | नारायणदेव भट्टराई | ९८५७०६३६११ | ०७७-४२०१०९ | केशर खड्का | ९८५८३२१०१६ | dfoarghakhanchi@gmail.com |
| १६ | डिभिजन वन कार्यालय, गुल्मी | प्रेम शंकर चौधरी | ९८५७०६४४७९ | ०७९-५२०१७९ | मदन सापकोटा | ९८५७०७५१७९ | dfogulmi@gmail.com |
| १७ | डिभिजन वन कार्यालय, पाल्पा | मोहन प्रसाद श्रेष्ठ | ९८५७०२३३७७ | ०७५-५२०००२ | खिल बहादुर तामाङ | ९८५७०६२२७२ | paldfo196@gmail.com |
| १८ | भू तथा जलाधार व्यवस्थापन कार्यालय दाङ्ग,तुल्सीपुर | शिवराम अधिकारी | ९८६८६२४५०० | ०८२-५२००६१ | राकेश शाही | ९८६४९४२७४७ | dscodang02@gmail.com |
| १९ | भू तथा जलाधार व्यवस्थापन कार्यालय, पाल्पा तानसेन | रोवर्ट महरा | ९८५७०६२८६४ | ०७५-५२०१३९ | सन्दिप चौधरी | ९८४९०७५६४० | scwmopalpa@gmail.com |
| २० | भू तथा जलाधार व्यवस्थापन कार्यालय, अर्घाखाँची | राकेश बहादुर कुँवर | ९८५७०८९१२० | ०७७-४२०१२० | सुदिप सुवेदी | ९८५७०७६१२० | swmoarghakhan-chi@gmail.com |
| २१ | भू तथा जलाधार व्यवस्थापन कार्यालय, रोल्पा | शम्भू शंकर झा | ९८५७८४६००२ | ०८६-५९४००२ | सुरज राना | ९८५७८७७१०८ | swmorolpa@gmail.com |